## सीमा समाधान गर्न मोदी तयार

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री केपी ओलीलाई टेलिफोन गरी दुई देशबीचका समस्या समाधान गर्न आफू तयार रहेको बताएका छन् । प्रधानमन्त्री मोदीले अंग्रेजी नयाँ वर्ष २०२० को अवसरमा शुभकामना दिन मोदीले बुधबार बिहान ओलीलाई टेलिफोन गरेका थिए ।

कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपाली भूभाग हो भन्दै नेपाल तथा अन्य विभिन्न अन्तर ाष्ट्रिय स्तरबाट नेपालीहरुले ब्यापक दबाब आउन थालेपछि मोदी गलेको हुन सक्ने विश्लेषण गरिएको छ । दुई प्रधान

बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

## हिउँ र पानी पर्ने सम्भावना प्रबल

काठमाडौं । नेपालमा पश्चिमी न्यून चापीय प्रणालीको प्रभाव देखिएको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । मनसुनको न्यून चापीय रेखाको साविक स्थान भन्नाले भारतको उत्तरी राजस्थान, हरयाना, दिल्ली, दक्षिण उत्तर प्रदेश, दक्षिण बिहार, झारखण्ड र पश्चिम बंगाल हुँदै बंगालको खाडीको शिरसम्म जनाउँछ ।

नेपालमा अहिले देशभरी नै आंशिक तथा

बाँकी ८ पेजमा

वर्ष ८ अंक ३५, २०७६ साल पुस १८ गते शुक्रबार, नेपाल संवत् ११४० (Jan. 3, 2020) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

# एमसीसीको सकसमा सरकार

काठमाडौं । अमेरिकी सरकारको सहायता कोष (एमएमसी) सम्झौतालाई प्रतिनिधि सभाको पाँचौं अधिवेशनबाट पारित गरिनुपर्छ वा गर्नुहुँदैन भन्ने विषयमा सत्तारुढ दल नेकपाको नेतृत्व पंक्तित्रि तीव्र बहस/पैरवी भइरहेको छ । एमएमसी सम्झौता संसद सचिवालयमा दर्ता गरिएको छ र यसलाई पास गर्न सरकार प्रतिबद्ध देखिएको छ । अमेरिकाले अगाडि सारेको इन्डोप्यासिफिक स्ट्राटेजी अर्थात् आईपीएसकै एक अँग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमएमसी) को ५० करोड डलर उम्कन नदिने पक्षमा सरकार देखिएको छ ।



अर्कोतिर नेपालले अंगिकार गरेको असंलग्न परराष्ट्र नीति विपरीत अमेरिकी रणनीतिक स्वार्थको आइपीएसमा सामेल हुन देशकै लागि आत्मघात हुने विश्लेषण नेकपाकै कतिपय नेताहरुले बताइरहेका छन् । एमएमसीको विषयमा नेकपा नेतृत्व विभाजित छ । महाकाली सन्धि पारित गराउँदा तत्कालीन एमालेभित्र जुन खैलाबैला देखिएको थियो त्यसको उत्कर्ष पार्टी विभाजन समेत भएको थियो । अहिले एमएमसीको सकसले नेकपा कतै विभाजित हुने त होइन ? भन्ने चियागफ समेत चल्न थालेको छ ।

नेकपाका कार्यकारी अध्यक्ष प्रचण्डले आइपीएस अन्तर्गत यदि एमएमसी हो भने त्यसलाई स्वीकार गर्नु नहुने प्रस्ट पारेका छन् । वरिष्ठ नेता माधवकुमार नेपालले एमएमसी स्वीकार्नु असंलग्न नीतिको बखिलाप हुने बताएका छन् । केन्द्रीय नेताहरु भीम रावल, देव गुरुङ, योगेश भट्टराई लगायतले पनि यथास्थितिमा एमएमसी संसदबाट पारित गर्न नहुने तर्क अघि सारेका छन् । परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, सञ्चार तथा प्रविधि मन्त्री एवं सरकारका प्रवक्ता गोकुल बाँस्कोटाले एमएमसी र आईपीएस फरक रहेको बयान दिइरहँदा अमेरिकी दुतावासले एक विज्ञप्ति प्रकाशित गर्दै एमएमसी इन्डोप्यासिफिक स्ट्राटेजी अन्तर्गत नै रहेको भनिदिएको छ । यतिमात्र होइन, ५० करोड डलर अनुदान लिनैपर्छ भन्ने बाध्यता नभएको र लिनु नलिनु नेपालको इच्छा हो समेत भनेको छ अमेरिकाले । सम्झौता हुँदा एमएमसीलाई संसदबाट अनुमोदन गराउनुपर्ने सर्त राखिएकाले संसदको अनुमोदनबिना नेपालले एमएमसी सहयोग पाउँदैन । कत्तिले त एमएमसीबारे विवाद उठाएर अरुण ३ भगाएजस्तो भगाउने प्रयास भइरहेको यसले नेपालको विकासमा प्रतिकूल असर पर्ने लेखाजोखा गरिरहेका छन् ।

आईपीएस अमेरिकी सैनिक गठबन्धन हो र यसको मुख्य उद्देश्य चीनको विकास रोक्नु हो । यसकै निम्ति अमेरिकाले चीन वरिपरिका थुप्रै मुलुकमा सैनिक अखडा राखेको छ । नेपालमा पनि अमेरिकी सैनिक रहेको कुरा नेपालका लागि अमेरिकी राजदूत प्याडीबेरीले केही पहिले एक टेलिभिजनसँग अन्तर्वार्तामा स्वीकार गरेका छन् । नेपालले अमेरिकासँग संयुक्त सैनिक अभ्यास गर्दै आएको छ । नेपाली सेना र अमेरिकी सेनाले संयुक्त अभ्यास गर्न रोजेको मुस्ताङलाई संयोग मात्र मान्न सकिन्न । मुस्ताङ त्यही ठाउँ हो जहाँ ४५ वर्षअगाडि अमेरिकाले खम्पा विद्रोहीहरुलाई सशस्त्र तालिम दिएको थियो । संयुक्त सैनिक अभ्यासभित्र के कस्ता गतिविधि हुन्छन् भन्ने विषयलाई समेत गोप्य राख्ने गरिएको छ ।

प्रत्येक अमेरिकी राजदूतले नेपाल आउनासाथ मुस्ताङ भ्रमण गर्छन् । उनीहरु मुस्ताङ पुग्नुको उद्देश्य प्राकृतिक सौन्दर्य अवलोकन मात्र नभई सामरिक महत्वबारे जानकारी लिनु हो । मुस्ताङमा अमेरिकन हिमालयन फाउन्डेसन नामक एउटा अमेरिकी गैरसरकारी संस्था २०३७ सालदेखि कार्यरत छ । यो संस्थाका नाममा त्यहाँ सधैँ अमेरिकी अर्धसैनिक जासुसहरु काम गर्छन् । तिब्बती जातिका बालबालिकाको शिक्षा र स्वास्थ्यमा सहयोग गर्ने घोषित नीति यो संस्थाको भए पनि भित्री रुपमा चीनविरोधी गतिविधि गर्नु रहेको छ । नेपाल सार्वभौम मुलुक हो । नेपालले आफ्नो विकासका लागि जुनसुकै मुलुकबाट सहयोग लिन वा नलिन सक्छ । मुख्य कुरा नेपालको भूमि अर्को छिमेकी मुलुक विरुद्ध प्रयोग हुन नदिनु हो । अमेरिकाले एमएमजी मार्फत नेपालमा चीनविरोधी अभियान सक्रिय बनाउन खोजेको छ । सरकारले एमसीसी आइपीएसभित्र नरहेको दलिल गरिरहेका बेला अमेरिकाको विदेश मन्त्रालयले जारी गरेको इन्डो प्यासिफिक रणनीतिको पछिल्लो प्रतिवेदनमा नेपालसहित पाँच देश जोडेर अन्तरदेशीय ऊर्जा व्यापारमा सहयोग पुऱ्याउन ५० करोड डलर उपलब्ध गराउनेमा जोड दिएको छ । बंगलादेश, भुटान, भारत, नेपाल र श्रीलंकालाई ऊर्जा व्यापारमा सघाउन एमएमसीको अनुदान सहयोग परिचालन हुने आइपीएसले

बाँकी ८ पेजमा

## सुधारिंदै व्यापारघाटा

काठमाडौं । चालु आर्थिक वर्षको पहिलो महिनादेखि नै मुलुकको व्यापार घाटा सुधारिदै गएको छ । आर्थिक वर्षको सुरुवातदेखि नै आयात घटेर निर्यात बढ्दै जाँदा मुलुकको अर्थतन्त्र नै सुधारोन्मुख दिशातर्फ अघि बढेको देखिएको छ ।

गत वर्षको तुलनामा डिजेल, फलाम, एयरक्राफ्ट जस्ता वस्तुहरुको आयात घटेको देखिएको छ भने पाम आयल जस्ता बस्तुको निर्यात बढेको छ । यस अवधिमा ४४ अर्ब ७८ करोड रुपैयाँको आइरन र स्टिल आयात भएको छ भने १४ अर्ब ३७ करोड रुपैयाँको एयरक्राफ्ट आयात भएको छ । गत वर्षको यसै अवधिमा६५ अर्ब ८२ करोड रुपैयाँ बराबरको आइरन स्टिल र १८ अर्ब २६ करोड रुपैयाँ बराबरको एयरक्राफ्ट आयात भएको थियो । गाडी आयात ३ अर्ब र डिजेल आयात ७ अर्ब रुपैयाँले घटेको छ ।

त्यसैगरी साढे ११ अर्ब रुपैयाँभन्दा धेरैको पाम तेल निर्यात भएको भन्सार विभागको तथ्याङ्कले देखाउँछ । गत वर्षको यसै अवधिमा १ अर्ब ३४ करोड रुपैयाँको पाम आयल निर्यात भएको थियो ।

विवरणमा सबैभन्दा बढी निर्यात देशमै उत्पादन नहुने पाल्म आयलको भएको छ । तर पाम आयल जस्ता बस्तुको निर्यात बढेपनि यस्ता बस्तुहरुको निर्यात दिगो भने नहुने विज्ञहरु बताउँछन् ।

आयाततर्फ पनि औद्योगिक बस्तुहरुको आयात घट्दा देशमा औद्योगिक बस्तुहरुको उत्पादन कम हुन थालेको देखिन्छ जुन अर्थतन्त्रको लागि राम्रो होइन । उपभोग्य वस्तुको आयातमा कमी नहुनु तर औद्योगिक वस्तुको आयातमा कमी देखिनुले अर्थतन्त्र मन्दीतर्फ गएको त

बाँकी ८ पेजमा

## नेपाल भ्रमण वर्षको औपचारिक शुभारम्भ

काठमाडौं । नेपालको पर्यटन क्षेत्रको प्रबर्द्धन गर्ने उद्देश्यले सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउने निर्णय गरेको थियो । यसैको कार्यान्वयन स्वरुप जनवरी १ अथवा पुस १६ गतेका दिन नेपाल भ्रमण वर्ष २०२० को राष्ट्रपति विद्यादेवी भण्डारीले दशरग रंगशालामा विशेष कार्यक्रमका बीच शुभारम्भ गर्नुभयो । भ्रमण वर्षको महाअभियान एक वर्षसम्म सञ्चालन हुनेछ र सरकारले वर्ष दिनमा २० लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्य लिएको छ ।



नेपालको सांस्कृतिक विविधता, हिमाल, पहाड, नदीनाला, तालतलैया, ऐतिहासिक सम्पदाहरु विश्वसामु परिचित गराएर नेपाललाई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यका रुपमा पहिचान दिने लक्ष्य भ्रमण वर्षको रहेको छ । राष्ट्रपति भण्डारीले उद्घाटनका क्रममा नेपालका सगरमाथा र लुम्बिनी विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य हुन भन्दै यी गन्तव्यको प्रबर्द्धन गरेर बढी से बढी पर्यटक भित्र्याउने लक्ष्यका साथ अभियान सुरु भएको बताउनुभएको थियो ।

नेपाल भ्रमण वर्षको सातै प्रदेशमा भव्यतापूर्वक शुभारम्भ गरिएको छ । प्रदेश एक सरकारले हेलिकप्टरबाट पुष्पवृष्टि र हट बेलुनमा भ्रमण वर्षको झण्डा राखेर भ्रमण वर्षको शुभारम्भ गरेको थियो ।

प्रदेश दुईको सरकारले पनि जनकपुर गएका पाहुनाहरुलाई विमानस्थलमा माला लगाएर भ्रमण वर्षको सुरुवात गरेको छ भने

बाँकी ८ पेजमा

## विश्वविद्यालयमा ताला, विद्यार्थी आन्दोलनमा

काठमाडौं । आन्तरिक विवादका कारण काठमाडौं विश्वविद्यालय (केयू) मा पठनपाठन बन्द भएको छ । आन्दोलन विगतदेखि नै हुँदै आए पनि पठनपाठन रोकिएको थिएन । मंगलबारदेखि पहिलो पटक विश्वविद्यालयमा सबै पठनपाठन बन्द भएको छ ।

प्राध्यापक तथा कर्मचारीहरु विगतमा भएका सहमति कार्यान्वयनको माग राख्दै आन्दोलनमा उत्रिएका छन् । आन्दोलनका कार्यक्रम अन्तर्गत उनीहरुले स्कुल अफ ल, स्कुल अफ साइन्स, स्कुल अफ इन्जिनियरिङ, स्कुल अफ म्यानेजमेन्ट, स्कुल अफ आर्टस्, स्कुल अफ एजुकेसन, स्कुल अफ मेडिकल साइन्सेज, परीक्षा नियन्त्रकको कार्यालय र प्रशासनिक भवनहरुमा तालाबन्दी गरेका छन् ।

बुधबार धुलिखेल अस्पताल परिसरमा रहेको स्कुल अफ मेडिकल साइसेन्जमा ताला लगाउने र ताला लगाउन नदिने समूहबीच विवाद भएको थियो । पेशागत हकहितको माग राखेर

बाँकी ८ पेजमा

## अभिव्यक्ति स्वतन्त्रताविरूद्धको कदम रोक्न कांग्रेसको आग्रह

काठमाडौं । संविधानको प्रावधान प्रतिकूल नागरिकका विचार एवं अभिव्यक्ति स्वतन्त्रताविरुद्ध सरकारले चालेका कदम रोक्न कांग्रेसले सबै पक्षलाई आग्रह गरेको छ । कांग्रेस संसदीय दलले बुधबार वक्तव्य जारी गर्दै संविधानको प्रावधान प्रतिकूल हुने गरी नागरिकका विचार एवं अभिव्यक्ति स्वतन्त्रता हनन गर्ने सरकारको कदम रोक्नका लागि अग्रसर हुन सबैलाई आग्रह गरेको हो ।

'विकास तथा प्रविधि समितिबाट अगाडि बढाइएको सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले नेपाली नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने, संविधानको प्रतिकूल हुने र नागरिकका मौलिक अधिकार हनन हुने हुँदा सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सच्याएर मात्र अगाडि बढ्न सरकारको ध्यानाकर्षण गर्दछौं,' प्रमुख सचेतक

बाँकी ८ पेजमा

## ऐतिहासिक दस्तावेज माग्दै सर्वोच्च

काठमाडौं । सर्वोच्च अदालतले नेपालको सीमा, नक्सा र क्षेत्रफलबारे संयुक्त राष्ट्रसंघको सदस्य हुँदा पेस गरेको ऐतिहासिक दस्तावेजहरु मागेको छ ।

मुलुकको सार्वभौमसत्ता, अखण्डता र स्वाधीनताको प्रश्न उठाउँदै वरिष्ठ अधिवक्ता विश्वप्रकाश भण्डारी, अधिवक्ता रामसुन्दर श्रेष्ठ, शर्मिली लामा र जनकराज शाहले सर्वोच्चमा रिट हालेका थिए ।

सन् १८१६ मा तत्कालीन इस्ट इन्डिया कम्पनीसँग भएको सुगौली सन्धिको अनुसूची, प्रतिलिपि तथा नेपालको आधिकारिक नक्सासहित १५ दिनभित्र जवाफ पेस गर्न आदेशमा भनिएको छ । न्यायाधीश हरि फुयालको एकल इजलासले ऐतिहासिक दस्तावेज संकलन गरी बुझाउन आदेश दिएको हो ।

बाँकी ८ पेजमा

**समय सन्दर्भ**

## उन अब 'रणनीतिक अस्त्र' मा

उत्तर कोरियाका नेता किम जङ उनले पारमाणविक तथा लामो दूरीको ब्यालिष्टिक क्षेप्यास्त्र परीक्षणको स्थगनबाट आफ्नो देश पछि हट्ने घोषणा गरेका छन् । त्यहाँको सरकारी समाचार संस्थाका अनुसार किमले पारमाणविक अस्त्रको विकासलाई निरन्तरता दिइने र एउटा नयाँ 'रणनीतिक अस्त्र' को विकास गरिने सत्तारूढ दलका अधिकारीलाई बताएका छन् ।

किमले कोरियाली प्रायःद्वीपलाई पारमाणविक अस्त्रमुक्त बनाउने विषयमा अवरुद्ध वार्ता पुनः थाल्न संयुक्त राज्य अमेरिकालाई सन् २०१९ को अन्त्यसम्मको समय दिएका थिए । तर उनले सम्भावित वार्ताका लागि ढोका खुला राखिएको सेंत दिएका छन् । उनले क्षेप्यास्त्र परीक्षण अमेरिकी व्यवहारमा भर पर्ने बताएका छन् । किमको चेतावनीपछि अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले उत्तर कोरियाली नेताले 'परमाणु निरस्त्रीकरणबारे एउटा सहमतिमा हस्ताक्षर' गरेको बताए ।



किमको घोषणाप्रति प्रतिक्रिया जनाउँदै अमेरिकी रक्षामन्त्री माइक पोम्पेओले युद्धको साटो उत्तर कोरियाले शान्ति र समृद्धि रोज्छ भन्ने आफ्नो विश्वास रहेको बताएका छन् ।

उनका अनुसार ट्रम्पले ठूला सैन्य अभ्यास नगर्ने सहमति व्यक्त गरेपछि किमले अस्त्रपरीक्षण नगर्ने वचन दिएका थिए ।

सन् २०१७ यता उत्तर कोरियाले कुनै पारमाणविक अथवा लामो दूरीको क्षेप्यास्त्रको परीक्षण गरेको छैन । गत एप्रिल महिनामा किमले अमेरिका उचित अभिप्राय लिएर आए राष्ट्रपति ट्रम्पसँग तेस्रो शिखर वार्तामा भाग लिन आफू तयार रहेको बताएका थिए । प्रत्युत्तरमा ट्रम्पले एउटा ट्वीटमार्फत् किमको प्रशंसा गर्दै उनको धारणाको स्वागत गरेका थिए ।

उत्तर कोरियाविरुद्ध लगाइएका आर्थिक नाकाबन्दीहरू हटाउन अमेरिका तयार नभएपछि भियतनामको हनोईमा भएको वार्ता विनासहमति टुंगिएको थियो । उत्तर कोरियाले सन् २०१९ को उत्तरार्धमा विभिन्न क्षेप्यास्त्रको परीक्षण गरेको थियो । अमेरिकालाई दबाव दिन गरिएको उसले त्यसको गरेको भन्ठानिएको छ । पारमाणविक अस्त्र र अमेरिकासम्म मार हान्ने क्षमता भएका इन्टर्कन्टिनेन्टल बलिष्टिक मिसाइलको परीक्षण स्थगन गर्ने उसको निर्णय अमेरिकासँग वार्ता गर्ने एउटा प्रमुख आधार थियो ।

नयाँ वर्षको पहिलो दिन पार्टीको बैठकमा बोल्दै किमले उत्तर कोरियालाई अस्त्रपरीक्षण स्थगन गर्ने आफ्नो घोषणा पालना गरिराख्न कुन बाध्यता नभएको बताए । अमेरिकाले दक्षिण कोरियासँग सैन्य अभ्यासलाई निरन्तरता दिएकाले उत्तर कोरियाले अस्त्रपरीक्षणसम्बन्धी निर्णय एकतर्फी रूपमा कायम राख्नु आवश्यक नभएको उनको तर्क भएको केसीएनएले जनाएको छ ।

ट्रम्प र किमबीच पहिलोपटक सन् २०१८ मा सिंगापुरमा शिखर वार्ता भएको थियो । सिंगापुरमा भएको ऐतिहासिक

बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाईं

**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल

**प्रबन्ध निर्देशक** किरण थापा

**अतिथि सम्पादक** विष्णु भट्टराई

**सम्पादन सहयोगी** गोविन्द विक

**बजार व्यवस्थापन** रामशरण रिमाल

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# राजा वीरेन्द्रको असंलग्नता अनि एमसिसिका कुरा



**सुरेन्द्र ढकाल**

**सन्दर्भ पुस १४**

सन १९६२ मा चीन भारत युद्ध भएको थियो । त्यही मौका छोपेर त्यही वर्षको डिसेम्बरमा राजा महेन्द्रले नेपालमा पंचायत व्यवस्था शुरु गरेका थिए । कतै चिनिया सेना नेपाल भई भारत आउने हो कि भन्ने डरले भारतले लाचारीका साथ पंचायत व्यवस्थालाई मान्यता दिएको थियो । चीनसँग युद्धमा हार्नु अनि नेपालसँग कुटनीतिमा हार्नु भारतको लागि शर्मनाक अवस्था थियो । त्यतिखेर अन्तर्राष्ट्रिय रुपमा आफ्नो गुमेको छविमा कसरी सुधार गर्ने भन्ने भारतको ठूलो चिन्ताको विषय बनेको थियो ।


आफूलाई दक्षिण एसियाको दादा बनाउने योजनाअनुरुप भारतले असंलग्नतालाई परित्याग गर्दै सन् १९७१ मा तत्कालिन सोभियत संघसँग २० वर्षे सैनिक सम्झौता गऱ्यो । यसै सम्झौताको जगमा उभिएर भारतले त्यही वर्ष पाकिस्तानलाई टुक्र्याइ बंगलादेश बनाइदियो । अफगानिस्तान अनि भारत हुँदै दक्षिण एसियामा सोभियत प्रभाव बढेको देखेर तत्कालिन अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले चीनसँगको शत्रुता त्यागी सन् १९७२ को फेब्रुअरीमा चीन आई माओत्सेतुङसँग हात मिलाए । युद्धमा पाकिस्तानलाई पराजित गरी बंगलादेश बनाएपछि भारतले आफूलाई दादा देखाउन सफल भएको थियो । भारतको हर्कत त्यतिमा मात्रै सीमित भएन, उसले अप्रिल १९७३ मा सिक्किमलाई आफूमा गाभ्यो ।

अर्कोतर्फ तिब्बतलाई चीनबाट विखण्डन गर्ने सशस्त्र अभियान अमेरिकाले नेपालबाट सन १९६० दशकदेखि नै शुरु गरेको थियो । यसअनुसार तिब्बतबाट भागेर आएका खम्पा विद्रोहीहरुलाई अत्याधुनिक हातहतियारबाट सुज्जित गर्ने कार्य अमेरिकाले गर्दै थियो । यी खम्पा विद्रोहीहरु भारतको धर्मशालामा निर्वासनमा रहेको दलाइ लामाको सरकारबाट परिचालित थिए । नेपालको मुस्ताङलाई आधार शिविर बनाएका यी खम्पाहरुलाई अमेरिकी वायु सेनाको विमानहरुले रातारात आई हतियार आपूर्ति गर्ने गर्दथे । नेपाली माटोलाई चीन विरोधी गतिविधि गर्न छुट नदिने नेपालको परराष्ट्र नीतिप्रति राजा वीरेन्द्रको प्रतिबद्धता ज्यादै गहिरो थियो । भारतले पाकिस्तानलाई विखण्डन गरी बंगलादेश बनाएको, स्वतन्त्र सिक्किमलाई आफूमा गाभेको भर्खरै गद्दी आरोहण गरेका राष्ट्रवादी राजा वीरेन्द्रले टुलुटुलु हेरिरहेका थिए ।

पाकिस्तानलाई विखण्डन गर्दा र सिक्किमलाई भारतले आफूमा गाभ्दा चीन अनि अमेरिका दुवैले कानमा तेल हालेर बसेको अवस्था थियो त्यो । त्यही मौकाको फाइदा उठाइ राजा वीरेन्द्रले सैनिक बलद्वारा तिब्बती खम्पाहरुलाई सेप्टेम्वर १९७४ मा दमन गरिदिए । त्यही क्रममा खम्पा विद्रोहीका नेता वाङ्दी मारिए । शाही नेपाली सेनाले त्यस युद्धमा तिब्बती खम्पा विद्रोहीबाट ठूलो परिमाणमा अमेरिकी अत्याधुनिक हातहतियार खोस्न सफल रह्यो । खम्पा विद्रोहलाई नेपाली भूमिमा नै दमन गर्न सफल राजा वीरेन्द्रले फेब्रुअरी १९७५ मा भएको आफ्नो राज्याभिषेकको अवसरमा काठमाडौंमा जम्मा भएका विशिष्ट अन्तर्राष्ट्रिय पाहुनासमक्ष नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखे ।

दक्षिण एसियामा बढ्दै गएको भारतीय दादागिरीबाट नेपाललाई सुरक्षित राख्न राजा वीरेन्द्रले यस्तो शान्ति क्षेत्रको प्रस्ताव राखेका थिए । यस प्रस्तावको निहित उद्देश्य नै नबुझेर तत्कालिन सोभियत संघले त्यही रात्रि भोजकै अवसरमा प्रस्तावको पक्षमा समर्थन गरेको थियो तर पछि भारतले हप्काएपछि सोभियत संघले त्यो समर्थन फिर्ता लियो । यस शान्ति क्षेत्रको प्रस्तावप्रति औपचारिक रुपमा समर्थन जनाउने पहिलो शक्तिशाली राष्ट्र चीन बन्न पुग्यो । अमेरिकी हातहतियार र वित्तिय सहयोगबाट सुसज्जित खम्पा विद्रोहलाई दबाउने राजा वीरेन्द्रको शान्ति क्षेत्रको प्रस्तावलाई कालान्तरमा अमेरिकाले पनि समर्थन गरेपछि यसलाई समर्थन गर्ने राष्ट्रहरु ११६ पुगे ।

खम्पा दमनको कारण क्रुद्ध भएको अमेरिकाबाट शान्तिक्षेत्र प्रस्तावको पक्षमा समर्थन लिनु राजा वीरेन्द्रको



परराष्ट्र नीतिको ठूलो सफलता थियो भने भारत र सोभियत संघलाई विश्व कुटनीतिमा एक्लाउन उनी सफलमात्रै भएनन् बल्की साँच्चिकै असंलग्न राष्ट्रको रुपमा नेपालको छविलाई चम्काउन उनी सफल पनि भए । राजा वीरन्द्रको अन्तर्राष्ट्रिय छविकै कारण नेपाललाई सिक्किम बनाउने भारतको योजना हरेक पटक असफल हुन पुगेको थियो । उसले शान्तिक्षेत्र प्रस्ताव मान्ने त कुरै थिएन बरु उसले नेपालका राजनीतिक दलमा आफ्नो प्रभाव जमाउँदै लगी चीनसँग हतियार किनेको निहुँमा नेपालमाथि सन १९९० मा आर्थिक नाकाबन्दी थोपऱ्यो र पंचायत विरोधी आन्दोलनमा खुलेरै लाग्यो ।

राजा वीरेन्द्रले पनि भारतसँग झुक्नुभन्दा आफ्ना जनतालाई प्रजातान्त्रिक व्यवस्था दिने निर्णय गरी सन १९९० मा पंचायत व्यवस्था अन्त गरिदिए । त्यही वर्ष विश्व महाशक्ति मानिएको सोभियत संघ र यसको समाजवाद पतन भई १८ टुक्रामा विखण्डन हुन पुग्यो । नेपालमा राष्ट्रवादी राजा रहुञ्जेल नेपाललाई सिक्किम बनाउन नसक्ने देखेर नै भारतीय गुप्तचर संस्था रअको ग्राण्ड डिजाइनमा नेपालका सबै राजनीतिक दलहरुलाई आफ्नो एजेन्ट बनाइ पहिलो चरणमा राजा वीरन्द्रको वंश विनाश र दोस्रो चरणमा नेपालमा गणतन्त्र स्थापना गर्न भारत सफल रह्यो । अब भारतको एकमात्र उद्देश्य भनेको सन १९६२ को चीनसँगको युद्धको हारको बदला लिनु रहेको छ । सोभियत संघको पतन भई चीन विश्व महाशक्तिको रुपमा उदय भइरहेको भारतलाई पटक्कै मनपरेको छैन । उता अमेरिकालाई पनि त्यो कुरा पटक्कै मनपरेको छैन । यी दुवैलाई मननपरेकै अवस्थामा चीन विआरआइ परियोजना लिएर अगाडि बढ्नुले अमेरिका र भारत आतंकित हुन पुगेका छन् । अब चीनलाई सोभियत संघ जस्तै विखण्डन गर्न नसक्ने हो भने अमेरिकी महाशक्ति र भारतीय क्षेत्रीय शक्तिको पगरी खोसिने अवस्था आउने यिनीहरुले राम्ररी बुझिसकेका छन् । त्यसैले गर्दा भारत, जापान दक्षिण कोरिया, अष्ट्रेलिया र न्यूजिलैण्ड समेत गरी विश्वका आठ दर्जन राष्ट्रहरुलाई मिलाएर अमेरिकाले इण्डो प्यासिफिक स्ट्राटेजी शुरु गरेको छ । यस स्ट्राटेजीले अर्थतन्त्र, सामरिक सुरक्षा र सुशासन गरी तीन क्षेत्र ओगटेको छ र यस स्ट्राटेजीमा संलग्न हुन चाहने देशलाई मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसि) अन्तगर्त वित्तिय सहयोग प्रदान गरिन्छ । अमेरिका नेपालले यस स्ट्राटेजीमा केन्द्रीय भूमिका खेलोस् भन्ने चाहन्छ । सोहीअनुरुप सन २०१४ मा नै नेपाली कांग्रेसका तत्कालिन अर्थमन्त्री ज्ञानेन्द्र कार्कीले नेपाललाई यस स्ट्राटेजीमा संलग्न गर्ने कागजातमा हस्ताक्षर गरेर आइसकेका छन् जसनुरुप नेपालले ५०० मिलियन (५० करोड) अमेरिकी डलरको सहयोग प्राप्त गर्ने भएको छ । एकातिर नेपालले विना सामरिक उद्देश्यसहित चीनको विआरआइमा संलग्न हुने दस्तावेदमा पनि हस्ताक्षर ठोक्नु र अर्कोतर्फ अमेरिकाले नेतृत्व गरेको सामरिक उद्देश्यसहितको इण्डो प्यासिफिक स्ट्राटेजीमा संलग्न हुन खोज्नुले नेपालको असंलग्नतालाई विवादमा ल्याउने र नेपाललाई चीन अमेरिकी द्वन्द्वमा फसाउने षडयन्त्रमा सत्तारुढ र विपक्षी दुवै दलहरु लागिपरेको अहिलेको अवस्था छ । एमसिसिलाई अमेरिकी दबाबमा नेपालको संसदको दुई तिहाइले अनुमोदन गराउने गृहकार्यमा सरकार जुटिरहँदा सत्तारुढ दलभित्रै यसको विरोधमा आवाज उठ्न थालिसकेको छ । तथाकथित वामपन्थीहरुको बहुमतको भनिने नेपाल सरकार र विपक्षमा रहेको कांग्रेसले समेत एमसिसि र इण्डो प्यासिफिक स्ट्राटेजी फरक फरक कुरा हो, एकै कुरा होइन भनिरहँदा अमेरिकी विदेश विभागले भने एमसिसि इण्डोप्यासिफिक स्ट्राटेजीकै अंग हो भनेर ठोकुवा गरेको छ । हिजोको खम्पा विद्रोहको बेला अमेरिकालाई कुटनीतिमा पछार्ने नेपाल अहिले अमेरिका र भारतको गोटी बन्न पुग्नुले चीन अमेरिकी द्वन्द्वमा नेपाल फस्दै अफगानिस्तान बन्न पुग्ने स्थिति देखिएको छ । पुष १४ को अवसरमा राष्ट्रवादी नेपाली जनताले जान्नुपर्ने कुरा यही हो ।

## सम्पादकीय


# उखु किसानको भुक्तानी तत्काल देऊ

उखु उत्पादन गर्ने किसानहरू अहिले राजधानीका चिसा सडकमा लम्पसार परेर आफूले उत्पादन गरेर उधारोमा चिनी मिलहरूलाई बिक्री गरेको उखुको भुक्तानी माग गरिरहेका छन् । किसानको यो आन्दोलनलाई सम्पूर्ण सञ्चारमाध्यमहरूले साथ सहयोग गरेका कारण राज्य किसानका कुरा सुन्न बाध्य भएको छ । चिनी उद्योगले किसानलाई वर्षौं अगाडिदेखिको रकम भुक्तानी नदिई बाँकी राखेको छ । उखुको मूल्य मात्र नभएर सरकारले किसानलाई दिने अनुदान समेत मिल मालिकले हिनामिना गरेका कारण उखु किसान ऋणमा चुर्लुम्म डुबेका छन् । आन्दोलनमा सहभागी किसानका आआफ्ने कथाव्यथा रहेका छन् । कतिपय किसानले साहूसँग महँगो ब्याजमा ऋण लिएर उखु खेती गरेका छन् भने आफ्नो खेत नहुने किसानले अधियाँ ठेक्कामा उखु खेती गरेर मिललाई आफ्नो सम्पूर्ण उत्पादन बुझाएका छन् । चिनी उद्योगका मालिकहरूले किसानको अर्बौंको भुक्तानी बाँकी हुँदा पनि अझै आलटाल र छलछाम गरिरहेका छन् । नगदेबालीका रूपमा लिइने उखुको मिलले तत्काल भुक्तानी दिनुपर्ने हो, तर किसानको घर खेत ऋणमा चुर्लुम्म डुब्दा समेत भुक्तानी नदिनुको पीडा अहिले राजधानीका सडकमा पोखिएको छ ।

अहिले सरकारी स्वामित्वका चिनी उद्योग बन्द भइसकेका छन् । वीरगन्ज चिनी कारखाना, लुम्बिनी चिनी कारखाना सञ्चालनमा रहेका अवस्थामा निजी क्षेत्रका मिलहरूले मनपरी गर्न पाएका थिएनन् । अहिले निजी उद्योगले उखु उत्पादक किसान र बैंकहरूलाई समेत एकैपल्ट डुबाउने काम गरेका छन् । हरेक वर्ष चाडबाडको समयमा चिनीमा डरलाग्दो कमिसनको खेल हुने गरेको छ । मुलुकभित्रका उखु उत्पादक किसानलाई टाट पल्टाएर विदेशी चिनी भित्र्याएर कमिसन खाने गिरोहले समेत फोहोरी खेल खेल्ने गरेका छन् । उखु किसानहरूले आफ्नो उत्पादनका समयमै उचित मूल्य पाउने हो भने नेपाल चिनीमा आत्मनिर्भर बन्न सक्छ । तर उखु किसान आफ्नो उत्पादनको मूल्य नपाएका कारण खेतमै पाकेको उखुमा आगो लगाएर अर्कै बाली लगाउनेतर्फ मोडिएका छन् ।

सरकार कृषि क्षेत्रको विकास गर्ने र कृषिमा भएको व्यापारघाटा कम गर्ने गीत गाएर थाक्दैनन् तर किसान वर्षौंसम्म पीडित बनेको उसले देखेन । किसानलाई पीडा दिने मिल मालिकहरूको गतिलो पकड राजनीतिक दलहरू र सरकारसम्म रहेको छ । उनीहरू पार्टीका चन्दादाता मात्र नभएर संसद सदस्य समेत बन्ने गरेका छन् । निमुखा किसानको आवाज कसले सुन्ने ? त्यसैले अहिले तिनै निमुखा किसान संगठित भएर आफ्नो आवाज सुनाउन राजधानी आएका छन् । केन्द्रीय सरकारको पक्कै पनि ध्यानाकर्षण भएको छ । सरकारले मिल मालिकको खोजी गरेपछि उपस्थित भएका छन् । सरकारको अबको दायित्व तत्काल किसानको एक, एक रूपैयाँ हिसाब गरेर भुक्तानी दिलाउने हुन आउँछ । भुक्तानीमा आलटाल गर्ने उद्योगीको मिल र जमिन जफत गरेर भए पनि किसानका आँशु पुस्न सक्नुपर्छ । अनि मात्र उखु खेतीले पुनर्जीवन पाउनेछ । त्यसैगरी उद्योगीले गरेको कार्टेलिङको अन्त्य गराउने सरकारले चिनी उद्योग सञ्चालन गर्नेबारे सोच्न आवश्यक छ ।

# नेता कर्मचारी र नेपाली जनताकै हितमा



**जगदीश लामिछाने**
रौतहट, पौराई

प्रजातान्त्रिक नेपालमा कर्मचारीहरुको योग्यता हेरेर पदोन्नति गर्ने चलन निश्चय पनि लोकसेवा आयोगले नै गरेको हो । यसैका पनि पूर्वापर कारणहरु हुन्छन् । केही पूर्वाधार हेरौं । दार्जिलिङबाट आएका हरिप्रसाद प्रधान पहिलो प्रधानन्यायाधीश हुनुहुन्थ्यो । त्यसबखत न्याय क्षेत्रमा नेपाली विचारीहरुले पनि आफ्ना हाकिम सुब्बा आदिसँग मुद्दामा राय बझाइ पेश गर्न पाउँथे र राय बझाएको पर्चा नै लेखी इलाका इलाकाबाट माथि जान बाटो मुद्दाहरुलाई बनाइदिन पाउँथे । विचारीभन्दा माथिल्ला दर्जा डिठ्ठाले त झन् राय बझाउन पाउने नै भए ।

यी समस्याहरुको समाधनार्थ प्रधान न्यायाधीशले यस्ता विचारीलाई अधिकृत न्यायाधीश तृतीय श्रेणीको र त्यस्तै डिठ्ठालाई द्वितीय श्रेणीको पदोन्नति हुने गरी जाँच दिने मौका दिए । यिनीहरु कति स्थायी भए कति आफ्नै कारणले फन्दामा पनि परे । यी प्रधानन्यायाधीशको सट्टामा राजा महेन्द्रले नेपाली नागरिक नै प्रधानन्यायाधीश राखी प्रधानन्यायालयलाई नै सर्वोच्च अदालत बनाइदिए । यसैगरी दुई तह एक तह माथि जान महालेखा परीक्षकको विभागले पनि एकपटक यस्तै मौका दिएको हो । तिनीहरु पनि स्थायी थिए ।

उतातिर विकास प्रशासनमा ओभरसियर दर्जाका नाममा नेपालका विकास जिल्ला जिल्लामा विदेशी कर्मचारी देखिएकै हो । यी जिल्लाहरु कुनै अमेरिकन सहायता र कतै भारतीय सहायताका नाममा थिए । त्यहाँ ग्रामीण कार्यकर्ता कृषि आदि विकास गाउँ कार्यहरुको समन्वय अस्थायी शाखा अधिकृतहरुले गर्थे । यिनैलाई राजा महेन्द्रले २०१६ सालमा ठाडो आदेशले स्थायी गरिदिए । तर अधिकृतभन्दा तल्ला कर्मचारी उनैले पनि कहिल्यै हेरेनन् । विदेशी कर्मचारी पछि आफ्नै देशमा फर्केर गए । कतिले नागरिकता अंगीकृत लिए हुनन् ।

यसै बेलामा समय समयमा निस्किएका निजामती सेवा ऐन र नियमावलीहरुले कर्मचारीहरुको वर्गीकरण समन्वय गर्दै गए तापनि गैह्र अधिकृत कर्मचारीहरु शिक्षा क्षेत्रका स्नातकहरुका आँखामा नियममै कम परेबाट सुब्बा मुखिया आदि फाइल बढुवा आदि नाममा अति कम मात्र माथि जान पाए । पढेर प्रमाणपत्र लिएकाहरु दस्तखत गरेर खाने हुँदै गए । यसरी न्याय लेखा शिक्षा आदि सबैतिर स्नातक गरेकाहरुले पेल्दै लगेर निम्न कर्मचारी कज्याएर खानेहरुको माखेसाङ्लोमा २००७ देखिका कम्युनिस्ट नेता र आफूलाई प्रजातान्त्रिक भन्ने नेपाली कांग्रेसी सत्तासीनहरुले पनि निम्न तहका कर्मचारीहरुको काम मात्र लिने तरक्कीको वास्ता नगर्नुमै

**कति ठाउँमा त नेता हुँ भनेर बिल्ला भिर्नेले कर्मचारी मिलाएरै वा झुक्याएरै भ्रष्टाचार गरेका छन् । भ्रष्टाचार गर्न आफ्नै रोजीरोटी गुम्ला कि भन्ने डर भएका निजामती सेवा नियमबद्ध कर्मचारीले दिएनन् भनी कर्मचारी चाहिँदैन भन्ने नारा पनि क्षेत्र क्षेत्रमा उठेकै छ । यतातिर मन्त्री हुँ भन्नेहरूका आँखा चनाखा हुनैपर्छ ।**

आफ्नो कर्तव्य सम्झँदै गए । शिक्षाको गुणस्तर सुधार्न त नेताहरुको ध्यानै गएन । यिनै नेताहरुकै रनभुल्लमा विदेश नीतिमात्र हेरिरहने राजा महेन्द्र र राजा वीरेन्द्र नपर्ने कुरै भएन र कृषिसहित सबै उत्पादन पीडित नै हुन परेको हो । शिक्षाको चिकित्साको र व्यापारको समेत अन्तर्राष्ट्रिय राइँदाइँ मात्र बढ्यो । नेपाली जनता पदासिन नेताहरुकै डरले माओवादीकै डरले र शिक्षितहरुकै डरले 'तीन टिकट महाविकट' मा परेका हुन् । अर्थात नेताहरुले जनताबाट काम मात्र लिएझैं कर्मचारी वर्गबाट काम मात्र लिने भए । तिनको भलो गर्ने भएनन् । माओवादी चन्दा र श्रमदान मात्र लिने भए । शिक्षित प्राविधिक रुपका नहुँदा विकसित परिवेशमा गरिखानै सकिएन भन्नै परेको छ । माथिका तीन वर्गको प्रवृत्ति नाफाखोर मात्र भयो भन्न समेत बाधा छैन । यस अवस्थामा कतै काम धेरै कर्मचारी थोरै, कतै काम थोरै कर्मचारी धेरै भएको देख्ने लालबाबु पण्डितजस्ता मन्त्री समेत रनभुल्लमा परेको देखिएको भर्खरै हो ।

हामीले के पनि हेर्नुपर्छ भने कति ठाउँमा त नेता हुँ भनेर बिल्ला भिर्नेले कर्मचारी मिलाएरै वा झुक्याएरै भ्रष्टाचार भएका छन् । भ्रष्टाचार गर्न आफ्नै रोजीरोटी रुखा छाक गुम्ला कि भन्ने डर भएका निजामती सेवा नियमबद्ध कर्मचारीले दिएनन् भनी कर्मचारी चाहिँदैन भन्ने नारा पनि क्षेत्र क्षेत्रमा उठेकै छ । यतातिर मन्त्री हुँ भन्नेहरुका आँखा चनाखा हुँनैपर्छ ।

उतातिर आर्थिक क्षेत्रमा पनि बग्रेल्ती खुलेका बैंकहरुमा कर्मचारी उनकै मिलाएर भ्रष्टाचार भएको खबर पनि आएकै छन् । त्यो दाना बियाँ जम्मा गरेर जम्मा भएको बैंक ब्याज साउँमा रजाइँ हैन र ? निक्षेपकर्ताहरुमै अन्याय हैन र ? यहाँ पनि इमानदार तर मेहनती कर्मचारी दु:खी सेयरधनी जस्तै पीडित भएको हेर्न समेत आँखा चनाखो गर्न समग्र बैंकिङ क्षेत्रलाई विकास प्रवाहमा नल्याई भएको छैन । यो काम पनि शिक्षितहरुले बोझ मान्नु हुँदैन । नेताहरुले बोझ माने भने कसरी ती नेता हुने ?

दोस्रो दोष आरक्षणमा पनि आउनै लागेको छ । महिला नेतृ हैन ? नारी आरक्षणको र दलित भनी आफूले आफैंलाई भन्ने गरेका आरक्षणको नाममा विश्व प्रसिद्ध विकास प्रविधि भित्रिइसकेको ढोका हामीले कसरी बन्द गर्नु ? यता विचार गर्न हामी चुक्दै गएर पनि हाम्रो कृषिमा पशुपालन जोडिएन । उत्पादनले उद्योगमा जोडिन पाएन । शिक्षाले रोजगार दिएन र हामी शिक्षित बेरोजगार विदेशिनु पऱ्यो भन्ने विचार गरेर काम गर्न पनि सम्पूर्ण बैंकिङ क्षेत्रले आफ्नो उचित संयन्त्र बनाएर विकास प्रवाहमा अघि सर्न ढिला गर्नु हुँदैन ।

यही सोच नभएको महत्वपूर्ण साङ्लोभित्र हामीले रोजगारी मात्र दिने कि विश्व प्रसिद्ध खुला विकास प्रविधि पनि भित्र्याउने ? भन्ने प्रश्नमै पनि विचार गर्नैपर्ने भएको छ र मान्छेहरु जीवन निर्वाह गर्न दुई ठाउँ तीन ठाउँ एक दिनमा काम गर्न बाध्य भएका छन् । घन्टा घन्टाको हिसाब गरेर औद्योगिक र रोजगार क्षेत्र चल्न बाध्य हुँदै गएको छ भन्ने समेत होस् गरेर प्रधानमन्त्रीसहित अर्थमन्त्रीले यो देशको उन्नतिको धरातलको ढोका खोल्न ढिला अब गर्नु हुँदैन भनी विश्वले नै संकेत गरेको छ, होस् गरौं ।

# मैले देखेको १२४ औं विश्व सम्पदा

# ड्रेसडेनको ग्रेट गार्डेन र दरबार

सुरेन्द्र ढकाल

पोट्सडामको सान्ससौची दरबार र बगैंचा अवलोकन गरेपछि हामीले स्थानीय रेस्टुराँमा दिउँसोको खाना खाई हाम्रो सेमिनार हुने सहर ड्रेसडेनतर्फ लाग्यौं । ड्रेसडेन पोट्सडामबाट करिब २०० किलोमिटर दक्षिणतर्फ अवस्थित पहिलेको पूर्व जर्मनीको ऐतिहासिक सहर रहेछ । हामी पोट्सडामबाट साढे दुई घण्टाको बस यात्रामा ड्रेसडेन सहर पुगेका थियौं । हामीलाई बसले सिधै ड्रेसडेन सहरको मुख्य भागमा रहेको एउटा होटलमा लगेर ओराल्यो । हाम्रो सेमिनार पनि त्यही होटलमा हुने रहेछ । हरेक दिन दिवा खाना खानु अघिसम्म सेमिनार र खाना खाएपछि विभिन्न ऐतिहासिक स्थान अवलोकन गराउने कार्यक्रम अनुरूप भोलिपल्टको सेमिनार सकिएपछि हामीलाई त्यहाँको विश्व प्रसिद्ध ग्रेट गार्डेन र त्यहाँ रहेको दरबार अवलोकन गराउन लगियो ।

**ग्रेट गार्डेन र दरबार**

ड्रेसडेन सहरको मुटुमा रहेको यो बगैंचा (ग्रेट गार्डेन) र दरबार बारोक शैलीमा फ्रेन्च पार्कको मोडेलमा निर्माण भएको रहेछ । झण्डै चारकुने आकार भएको यो बगैंचाले  करिब दुई वर्ग किलोमिटर (३६३ एकड) को क्षेत्रफल ओगटेको रहेछ ।

ड्रेसडेन सहरको केन्द्रबाट दक्षिण पश्चिममा अवस्थित यो बगैंचा साक्सोनिको प्रशासक जोन जर्ज तेस्रोले सन् १६७६ निर्माण गर्न लगाएका रहेछन् । यो बगैंचाभित्र एकै लहरमा विभिन्न स्थलमा पुग्न सक्ने गरी घुमाउरो गोरेटो बनाइएको रहेछ । यो बगैंचा निर्माण गर्दाको बेलामा मुख्य शहर घेरिएको पर्खाल बाहिर रहेको भए तापनि १९औं शताब्दिको आधाआधीसम्म आइपुग्दा बाक्लो शहरी बस्तीले यो बगैंचालाई घेरिसकेको हुँदा यो बगैंचा सहरकै एक अंग बन्न पुगेको रहेछ ।

पहिले प्रशासकको निजी प्रयोगको लागि बनाइएको भए तापनि सन १८१४ पछि यस बगैंचासहितको दरबारलाई सार्वजनिक सम्पतिमा रूपान्तरण गरिएको रहेछ । यसै बगैंचाभित्र एक चिडियाखाना र विभिन्न बोटविरूवाको संग्रह गरिएको एक वनस्पति उद्यान पनि रहेछ । ड्रेसडेन सहरमा भएका पार्कहरूमध्ये सबैभन्दा ठूलो यो बंगैंचा कालान्तरमा ड्रेसडेनको सहरी कोलाहलबाट फुर्सत लिएर आनन्द र मनोरंजन लिने स्थलको रूपमा विकास हुँदै गएको रहेछ । यहाँ खुला आकाशमुनि सांस्कृतिक कार्यक्रम, संगीत कार्यक्रमलगायत विभिन्न चाडवाडहरूको आयोजना पनि हुँदो रहेछ ।

यो बगैंचा घुम्न आउनेहरूको लागि भनेर बंगैचाभित्रै सन १९५० देखि सानो रेलवे पनि संचालन भएको रहेछ । जस्मा ३० मिनेटमा ६ किलोमिटरको यात्रा गरेर  पर्यटक तथा बालबालिकाहरूले पुरै बगैंचा अवलोकन गर्ने गर्दा रहेछन् ।

१४० हेक्टरमा जंगल, हरिया ससाना मैदान, पोहरी र पानीका फोहराहरू र सिसाको घरभित्र बनाइएका शितोष्ण बोटविरूवाको संग्रह अनि त्यसका छेउछाव ड्याङहरू बनाई रोपिएका विभिन्न जातका फूलहरूले यस बगैंचालाई सिंगै युरोपकै ज्यादै सुन्दर बगैंचामध्ये एक बनाएको रहेछ । सहरकै बीचमा रहेर पनि सहरको कोलाहलको प्रभावबाट शून्य यो बगैंचाभित्र एकै क्षणको लागि मात्रै भने पनि मानिसहरू प्रवेश गरी मजाले सुस्ताइ आराम लिन आउँछन भनिँदो रहेछ ।


बगैंचाको बीचमा गृष्म दरबार ठडिएको रहेछ । यो सानो गृष्म दरबारलाई जिर्णोद्धार गरी टिलिक्क पारेर राखेको रहेछ । दरबारका वरिपरि ससाना पोखरी, मूर्तिहरू, धुपिका रूखहरू र ढकमक्क फुलेका फूलका ड्याङहरू रहेछन् । अप्रिल महिनादेखि अक्टोवर महिनासम्म खुला रहने यो बगैंचा अवलोकन गर्न सिंगै युरोपबाट पर्यटकहरू ओइरिँदा रहेछन् । बगैंचाभित्र खानाको लागि क्याफे र बियर गार्टन पनि संचालनमा रहेछन ।



ड्रेसडेनको दरबारसहितको बगैंचा अगाडिबाट हेर्दा



सिंगो बगैंचा माथिबाट हेर्दा




बगैंचाभित्र ढकमक्क फुलेका कलात्मक ड्याङहरू



बगैंचाभित्र ठडिएका मूर्तिकला



बगैंचाभित्रको चौडा गोरेटो




बगैंचाभित्रको पोखरी



बगैंचाभित्र चल्ने सानो रेल

# २७. तृतीय महाधिवेशनका सम्बन्धमा




■ शम्भुराम श्रेष्ठ

दुई हप्ता बितिसक्दा पनि मैले पठाएको सो पत्रको जवाफ आएन । अनि पुष्पलालहरुले जुनसुकै हालतमा पनि जे जस्तो परिणाम निस्किने भए पनि त्यसको विल्कुलै परवाह नगरी 'महाधिवेशन' गर्ने नै भयो भन्ने शंका लाग्न थाल्यो । अनि जसरी भए पनि पार्टीको संगठनात्मक एकतालाई जोगाइराख्नुपर्छ र पार्टीलाई फुट्न दिनु हुँदैन भन्ने विचार गरी मैले उनीहरुले गर्न लागेको महाधिवेशन वैधानिक भए पनि नभए पनि बहुसंख्यक पार्टी सदस्यहरुलाई प्रतिनिधित्व गर्ने कामरेडहरुको उपस्थिति हुन्छ भने म पनि बनारस आउनेछु भनेर एकपछि अर्को गरी दुई पटक कुरियरमार्फत का.पुष्पलाललाई चिठी लेखी पठाएँ । तर उनले ती चिठीहरुको जवाफ त दिएनन्, दिएनन् मैले चिठी पठाएको कुरा समेत अरु कामरेडहरुलाई थाहा नदिई दबाएर राखे । यो जति का.पुष्पलालको गैरजिम्मेवारी थियो, त्यति नै दुःखलाग्दो कुरा पनि थियो । मैले लेखिपठाएका चिठीहरु अरु कामरेडहरुलाई पनि देखाएको भए पार्टी अवश्यै फुट्नुबाट जोगिने थियो ।

ठीक त्यही समय का.डीपी अधिकारीले ढिलै भए पनि डराइ डराइकन रक्सौलबाट दिउँसो सरकारी मोटरकारबाट डा.केशरजंग, एस.कमर शाह र पीबी मल्ल सँगसँगै उनी काठमाडौं आई सोझै नारायणहिटी राजदरबार गएको कुरा बताउँदै आत्मालोचना गरेका थिए । यसबाट उनलाई एकदमै आफूले गरेको अपराधबारे पश्चात्ताप भएको प्रस्टै देखिन्थ्यो । सायद त्यही कारणले हुन सक्छ उनले बनारस गई कामरेडहरुसँग कुराकानी गरी पार्टीलाई फुट्न नदिन सक्दो प्रयास गर्ने इच्छा व्यक्त गरे । उनले बनारस गएर पार्टीलाई फुट्नुबाट जोगाउन हरसम्भव कोसिस पनि गरे, तर उनको केही लागेन । त्यस समय जो जो (पार्टी सदस्यहरु मात्रै होइनन्, पार्टी सदस्य नभएकाहरु पनि) बनारस पुगेका थिए, तिनीहरुलाई लिएर पुष्पलालहरुले तथकथित तृतीय महाधिवेशन गरिहाले । उक्त महाधिवेशन पार्टीका विधानअनुसार नगरिएको मात्र नभई ऐरैगैरेहरु तथा गैरजिम्मेवार व्यक्तिहरुको जमघट मात्र भएको र त्यसमा पनि भरतमोहन अधिकारीहरु जस्ता जे पनि गर्ने, गर्न सक्ने धूर्त तथा अवसरवादीहरु हावी भएको जमघटले अत्यधिक बहुमतद्वारा नवसंशोधनवादी खुश्चोव गुटको संशोधनवादी, क्रान्ति विरोधी कार्यक्रम अर्थात् 'राष्ट्रिय प्रजातन्त्र' को कार्यक्रमलाई पारित गर्नु र सही, क्रान्तिकारी नयाँ जनवादी कार्यक्रमलाई पराजित गर्नु विल्कुलै स्वाभाविक नै थियो । उपरोक्त महाधिवेशन हुनुअघि नै डा.रायमाझी र उनका मतियारहरु रक्सौलदेखि सरकारी मोटरकारबाट काठमाडौं गई सोझै राजदरबार गएको कुरा डीपी अधिकारीले सबैलाई भनिसकेपछि पार्टीविरुद्ध गद्दारी एवं षड्यन्त्र गर्ने रायमाझी गुटलाई मात्रै पार्टीबाट सदाका लागि निष्काशन गरेर पार्टीको संगठनात्मक एकतालाई कायम राख्नुपर्थ्यो । तर पुष्पलाल र तुलसीलालहरु त्यस सवालप्रति अलिकति पनि संवेदनशील नभइदिएको परिणामस्वरुप रायमाझी गुटले आफूलाई मातृ पार्टीको रुपमा रहेर जनताका हितको विरोधमा काम गरिरहने अवसर पायो । उता फेरि पुष्पलालको अधैर्यताले गर्दा पुष्पलाल गुट र तुलसीलाल गुटको रुपमा अर्को पार्टी विभाजन हुन गयो । यसरी नेपालको कम्युनिस्ट आन्दोलन एकपछि अर्को गर्दै गुट उपगुटहरुमा फुट्दै जाने प्रक्रियामा उम्कनै नसकिने गरी फस्न गयो । मुलुकको सबभन्दा ठूलो, प्रभावकारी राजनीतिक शक्ति हुँदाहुँदै पनि नेपाली कम्युनिस्ट आन्दोलन अकर्मण्य सावित भइरहेको छ ।


जहाँसम्म राजा महेन्द्रको सैनिक 'कु' देशव्यापी संघर्ष गर्ने निर्णयको सवाल छ, दरभंगा प्लेनम हुनुअघिको केन्द्रीय कमिटीको बैठकमा र प्लेनमकै दौरानमा पनि मैले देशको मौजुदा असाधारण राजनीतिक स्थितिमा हामीहरुले कदापि देशव्यापी संघर्ष छेड्ने र तृतीय महाधिवेशन गर्ने निर्णय एकसाथ गर्नुहुँदैन किनभने त्यसो गर्नु व्यवहारतः विल्कुलै सम्भव हुँदैन र त्यसैले ती दुईमध्ये एउटा मात्र र त्यसमा पनि, देशव्यापी संघर्ष गर्ने निर्णय मात्र गर्नुपर्छ किनभने हाल विद्यमान असाधारण राजनीतिक स्थितिको परिप्रेक्ष्यमा तुलनात्मक रुपले देशव्यापी संघर्ष छोड्नु बढ्ता महत्वपूर्ण तथा आवश्यक छ । अर्को कुरा तृतीय महाधिवेशन गर्छौं भने पनि गर्न सकिने स्थिति छैन । कारण, देशमा एक स्थानबाट अर्को स्थानमा जान आउन पनि असम्भव नभए पनि अत्यन्तै कठिन छ । यस्तो स्थितिमा गाउँस्तरदेखि प्रान्तीय स्तरसम्म सम्मेलनहरु आयोजना गरी महाधिवेशनमा प्रस्तुत गरिने राजनीतिक दस्तावेजमाथि विस्तृत छलफल गराई महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरुको निर्वाचन गराइरहनु सम्भव पनि हुँदैन । तर पनि यथार्थ स्थिति र समयको आवश्यकतालाई ध्यान नै नदिई हचुवा तवरले महाधिवेशनका भेनु अर्थात् महाधिवेशन हुने स्थान र तिथिमिति समेत नतोकेर १० महिनामा गर्ने भन्ने निर्णय गरियो ।

यसरी दरभंगा प्लेनमले अपुरो निर्णय गरेको परिणामस्वरुप महाविधेशन विधान अनुसारको त भएन, भएन, गलत राजनीतिक निर्णयसमेत गर्न पुगियो । यीबाहेक, उक्त महाधिवेशनको एउटा अर्को विशेषता पनि रह्यो । त्यो विशेषता थियो : साधारण सदस्यहरु लगायत पार्टी सदस्यसमेत नभएका जति पनि ऐरै गैरेहरु एवं अवसरवादीहरु बनारस पुगेका थिए, तिनीहरु सबैलाई नै प्रतिनिधि बनाइएका हुनाले थुप्रै त्यस चरित्रका व्यक्तिहरु केन्द्रीय कमिटीमा पुग्न सफल हुने नै भयो र भयो पनि । फलतः पार्टी केन्द्रीय कमिटीमा त्यसरी पुगेकाहरुमध्ये प्रायः सबै नै एकएक गरी कुनै न कुनै स्तरका सरकारी माध्यममार्फत अथवा सम्पर्क गरी (हुन त हामीसँग ठोस सबुत छैन) स्वदेश फर्की आए, जो विल्कुलै स्वाभाविक पनि हो । यी नै सब कारणहरुले गर्दा नै सैनिक 'कु' द्वारा देशमा स्थापना गरिएको निर्दलीय पञ्चायती शासनविरुद्ध कम्युनिस्टहरुबाट माखो मार्ने काम समेत हुन सकेन, भएन ।

# थाइल्यान्ड: जहाँ तीन महिना भिक्षु बन्नुपर्ने राष्ट्रिय परम्परा छ

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार





थाइल्यान्डमा बितेका मेरा केही दिनहरूको विषयमा लेख्नुभन्दा पहिले त्यस देशबार केही तथ्यहरू प्रस्तुत गर्नु उचित सम्झेको छु । भौगोलिक स्थितितिर आँखा लगाउँदा अधिकांश भाग समतल उर्वरा भूमि भएको त्यो देशको कुल क्षेत्रफल दुई लाख वर्गमिटरमध्ये करिब आधा भाग वन-जङ्ग-झाडीले ढाकेको देखिन्छ । त्यहाँ ठाउँठाउँमा अनेक किसिमका जङ्गली जनावरहरू छ्यासछ्यासती पाइन्छन् । भारतमा जङ्गलको राजा सिंह भनेझैँ थाइल्यान्डमा हात्ती रहेछ । त्यस देशको नक्सा हेरेमा त्यसको आकार सुँडसमेत भएको हात्तीको टाउकोजस्तो देखिने भागमा पर्दछ र सुँडजस्तो लामो भई साँगुरो हुँदै गएको दक्षिणी भागमा अनेक थरीका खानीहरू छन् । यी खानीहरूले त्यो मुलुकको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिएका छन् भन्ने तथ्यले साँच्चै हात्ती र थाइल्यान्डको सम्बन्ध अपरिमित भएको जस्तो लाग्दछ ।

अर्को उल्लेखनीय कुरो यसको इतिहास छ । उन्नाइसौं शताब्दीतिर पश्चिमा सशक्त राष्ट्रहरूले पूर्वी देशमा आआफ्नो उपनिवेश स्थापना गर्नमा तँछाडमछाड गरेका थिए । यस बेलाको हुरीमा भारतजस्तो विशाल देशसमेत बच्न सकेन र उपनिवेशवादको पन्जामा फस्नुपर्दा उसले सयौं वर्षसम्म अङ्ग्रेज साहेबको दास बनेर बस्नुपरेको थियो । तर त्यस्तो सङ्कटपूर्ण युगमा पनि आफ्नै बाहुबल र विवेकबुद्धिको तीखो प्रहार गरी साम्राज्यवादीहरूको पन्जाबाट नेपाल र नेपाली अलग्गिएर चोखो रहन समर्थ भएझैँ थाइल्यान्ड पनि त्यस्ता थोरै राष्ट्रहरूमध्ये एक हो जसले परतन्त्रबाट आफूलाई स्वयम् रक्षा गरी स्वतन्त्रता तथा सार्वभौमिकताको बिगुल बजाउन समर्थ भएको थियो ।

एक जना पत्रकार डरेक ए.सी. डेविजका अनुसार यस देशको जाति थाईहरूको उत्पत्ति चीनबाट भएको र तिनीहरूको कुल घर तथा मूल वास्थान चीनको हाल केङ्सु सानटुङ भन्ने ठाउँ हो, जहाँ थाई बोल्ने जातिहरू अद्यापि विद्यमान छन् । चीनका प्रसिद्ध बादशाह कुब्ला खाँले तिनीहरूप्रति गरेको उत्पीडन तथा निरङ्कुश व्यवहारलाई सहन नसकी सन् १२५६ तिर ती थाईहरू ठूलो सङ्ख्यामा दक्षिणतिर गई त्यो ठाउँमा बस्ती बसाए जहाँ निरङ्कुश खाँ बादशाहको पहुँच सहजै पुग्न सक्दैनथ्यो ।

थाइल्यान्डको त्यो बेलाको नाम 'सियाम' थियो र सन् १९४८ मा मात्र यसको नाम थाइल्यान्ड रहन गएको हो । यहाँको अल्पसङ्ख्यक आदिवासी मोन र खेमेरजातिलाई परास्त गरी सुकोथाई भन्ने ठाउँमा नवागन्तुक थाईहरूले आफ्नो पहिलो राजधानी बनाए । पछि चार सय माइल दक्षिण पर्ने अयोध्या यस देशको राजधानी बन्न पुग्यो । १७८२ मा बर्मिजहरूले त्यस अयोध्या सहरलाई ध्वस्त पारेपछि राजधानी दक्षिणतिर सर्दै अहिलेको बैङ्कमा पुग्न गयो । थाईहरूको आफ्नै रीतिथिति संस्कृति भए पनि परोक्ष रूपमा तिनीहरूमा एकातिर चिनियाँ प्रभाव परेको छ भने अर्कोतिर भारतीय संस्कृतिले पनि उत्तिकै महत्वपूर्ण छाप छोडेको छ । नेपालका तारा तथा एसियाको प्रकाशस्वरूप भएका भगवान् बुद्धका उपदेशहरू थाईहरूले भारतमार्फत प्राप्त गरेका हुँदा त्यसबाट तिनीहरूले बौद्ध धर्म मात्र होइन हिन्दूधर्म पनि सिकेका छन् । धर्म भन्ने कुरा कसैले बलजफती सिकाएर वा घोकाएर सिकिने कुरो होइन, यो आफ्नोआफ्नो मानसिक झुकावको प्रतिफल हो । थाइल्यान्डमा हिन्दूधर्म र बौद्ध धर्मले एकैसाथ प्रवेश पाएको भए पनि बौद्ध धर्मले सर्वोपरि स्थान ओगट्न पुगेको र हिन्दूधर्मले गौण स्थान मात्र प्राप्त गरेकोबाट पनि यो कुरा स्पष्ट हुन्छ । संसारमा हाल बौद्ध धर्मप्रति सर्वोत्तम आस्था राख्ने कुनै देश हेर्नु छ भने त्यो थाइल्यान्ड नै हो कि ? नेपाली विभूति भगवान् बुद्धका अनुयायी थाइल्यान्डमा छ्यासछ्यासती देख्दा मन गद्गद् हुनु स्वाभाविकै हो ।

थाईहरू चीनबाट दक्षिणतिर झरेको बेलादेखि नै चिनियाँ र थाईको सम्बन्ध भएको रहेछ । चीन तथा थाइल्यान्डबीच परस्परमा भाइचारा तथा बन्दव्यापारदेखि लिएर बिहाबारीसम्मको राम्रो सम्बन्ध कायम हुँदै आएको र सन् १९५६ मा चीनमा कम्युनिस्टले सत्ता हात लगाएपछि मात्र यो सम्बन्ध टुट्न गएको रहेछ । थाइल्यान्डका करिब असी प्रतिशत जनताको पुर्ख्यौली उत्पत्तिस्थान चीन हो जसमा राजपरिवारसमेत समावेश रहेछ । यो देशको समृद्धिबारे एउटा पुरानो शिलालेखमा 'पानीमा माछा छ, खेतमा धान छ । राजा प्रजाबाट फाइदा उठाउँदैनन् । जो चाहन्छन् व्यापार गर्छन् । प्रजाको मुख आनन्दले प्रफुल्ल छ ।' भनी लेखिएको छ । यो शिलालेखमा सही थाप्दै पत्रकार डेविज महोदयले हालसम्म पनि यो कुरा सत्य नै रहेको छ भनी लेखेका छन् ।

काठमाडौं-बैङ्कक हवाईसेवा चालू भएपछि नेपालका लागि भारतपछिको अर्को यात्रा गर्न सजिलो नजिकको विदेश थाइल्यान्ड हुन आएको छ । व्यापारीहरूलाई दिइएको सहुलियतको फलस्वरूप अधिकांश व्यापारीका लागि बैङ्कक त्यस्तो सहर हुन पुगेको छ जस्तो हाम्रा पूर्वजहरूका लागि ल्हासा थियो । यस तथ्यलाई प्रस्टयाउन काठमाडौंमा विद्यमान विदेशी सरसामानले झकिझकाउ भएका पसलहरूलाई औंल्याउन सकिन्छ ।

(क्रमशः)

स्वास्थ्य

# अम्बाको औषधीय गुण



अम्बा एक प्रकारको मिठो फल हो र यो खानमा पनि निकै स्वादिलो हुन्छ । अम्बामा कम क्यालोरी र कम चिनी हुन्छ । यसले शरीरको तौल घटाउन समेत मद्दत गर्छ । यस्ता छन्, अम्बा खानुका फाइदा

- दाँत दुखेको वा पाइरिया भएको अवस्थामा पनि अम्बाको पात चबाउनु उचित हुन्छ ।
- अम्बामा प्रोटीन र फाइबर हुनाले मेटाबोलिजममा सुधार आउँछ ।
- यसले कोलेस्ट्रोल स्तरलाई नियन्त्रणमा राखेर मुटुरोग लाग्नबाट बचाउँछ ।
- यसमा भएको भिटामिन सी र आइरनले कमजोरी हटाएर तागत बढाउँछ ।
- यसमा भएको भिटामिन बी ६ ले दिमागको शक्ति बढाउँछ र स्मरणशक्ति पनि मजबूत गराउँछ ।
- यसमा भएको फाइटोन्युट्रिन्ट्सले क्यान्सरबाट समेत बचाउँछ ।
- अम्बामा कम क्यालोरी र कम चिनी हुन्छ । त्यसैले तौल घटाउने सोच बनाइरहेका मानिसले दिनको एउटा अम्बा खाँदा फाइदा हुन्छ ।
- अम्बाको अचार वा जुस बनाएर खाँदापिउँदा पनि फाइदा हुने हुन्छ ।
- अम्बाको पातमा पनि एन्टीब्याक्टेरियल प्रपर्टी हुनाले डण्डीफोरजस्ता छालाका समस्या समाधान हुन्छन् ।
- पातमा एन्टीइन्फ्लेमेटरी प्रपर्टी पनि पाइने हुनाले जोर्नी दुखेको वा वाथ लागेको मानिसले पात चबाउँदा फाइदा पुग्छ ।

### अम्बाको पातको फाइदा

अम्बाको पात खाँदा मुखको छालालाई स्वस्थ र सुरक्षित राख्ने काम गर्दछ । तपाईं डन्डिफोरको समस्याबाट आजित हुनुहुन्छ भने अम्बाको पात पिसेर दल्न सक्नुहुनेछ । किनकि, अम्बाको पातमा डन्डिफोरलाई समेत निको पार्ने शक्ति हुन्छ । मोटोपनको समस्यामा अम्बाको पात प्रयोग गर्दा हुन्छ ।

नेपालमा अम्बा सर्वसुलभ रूपमा पाइने फल हो । नेपालका प्रायः ठाउँमा यसको उत्पादन हुन्छ । तर, मानिसले यसको फल मात्र प्रयोग गर्दछन् । अचम्मको विषय त यो छ कि अम्बाको पात फलभन्दा पनि बढी उपयोगी हुन्छ । अम्बाको पातमा दर्जनौं रोग निको पार्न सक्ने औषधीय गुण हुन्छ ।


अम्बाका पातले तौल घटाउने काम गर्छ । अम्बाको पात पानीमा उमालेर पिएमा कलेजोलाई निकै फाइदा गर्छ । यसले कलेजो सफा गर्ने काम गर्दछ । अम्बाको पातको सुपले पाचन प्रणालीलाई पनि व्यवस्थित राख्ने काम गर्दछ ।

अम्बाको पातले छालादेखि कपालसम्मलाई फाइदा पुर्याउँछ । यसले कपालको विकासमा सहयोग पुर्याउँछ । यदि तपाईं कपाललाई लामो बनाउन वा छिटो हुर्काउन चाहनुहन्छ भने पनि अम्बाको पात उपयोगी हुन सक्छ ।

अम्बाको पात पिसेर शरीरका विभिन्न जोर्नीमा लगाएमा जोर्नी दुख्ने, सुन्निनेलगायतका समस्या समाधान गर्छ । यसले दाँत, घाँटीको दुखाइलाई पनि निको पार्दछ ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

## हार्दिक समवेदना



जन्म : वि. सं. १९८०/९/२५ मृत्यु : वि. सं. २०७६/८/२७

हाम्रा आत्मीय मित्र प्रा.डा. भरत पहारीकी ममतामयी माता खगेश्वरी पहारीको दुःखद निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक संतप्त परिवारप्रति हार्दिक समवेदना अर्पण गर्दछौं ।

सुरेन्द्र ढकाल

ग्रेटर नेपाल साप्ताहिक

तथा नेपाल जर्मन एकेडेमिक

एसोसिएसन परिवार

# सन् २०१९ का विश्वचर्चित घटनाहरू



विष्णु भट्टराई

वर्ष सन् २०१९ विदा भएर वर्ष सन् २020 आरम्भ भएको छ । सन् २०१९ मा विश्वमा धेरै प्रकारका चर्चित घटनाहरु घटे । सबै घटनाहरुलाई समेटेर लेख्ने हो भने मोटामोटी पुस्तक नै तयार हुन सक्छ । तर यहाँ चर्चित केही विश्व घटनाहरुलाई स्मरण गर्ने प्रयास गरिएको छ ।

**१. भेनेजुएलाको पक्ष विपक्षमा विश्व विभाजित**

सन् २०१९ को सुरुवात भेनेजुएलाको राजनीतिक संकटबाट सुरु भएको थियो । जनवरीमा २३ मा भेनेजुएलाको राष्ट्रिय सभाका प्रमुख ३५ वर्षीय हुँवा गुएइदोले आफैँलाई अन्तरिम राष्ट्रपति घोषणा गरेपछि विश्व समुदाय विभाजित भयो । राष्ट्रपति निकोलस मदुरोलाई निवार्चित गरेको निर्वाचन निश्पक्ष नभएको भन्दै उनले मदुरो अवैध राष्ट्रपति भएको तर्क गर्दै आफैलाई राष्ट्रपति घोषणा गरारेका थिए । गुएइदोको घोषणापछि चीन, रुससहितका केही ठूला देश र टर्की, क्युबा, बोलिभिया, उरुग्वे, मेक्सिकोसँगै इरान र उत्तर कोरियालगायतका देशले ५६ वर्षीय मदुरोको समर्थन गरेका थिए भने अमेरिका, युरोपेली राष्ट्रहरु, ब्राजिल, कोलम्बिया, अर्जेन्टिना र अष्ट्रेलिया, इजरायललगायत झण्डै ५० देशले गुएइदोलाई अन्तरिम राष्ट्रपतिको मान्यता दिएका थिए । तर मदुरो अहिलेसम्म पनि राष्ट्रपति भवनमै रहन सफल भएका छन् ।

**२. बेलायतमा ब्रेक्जिट सम्झौताको पक्षमा जनमत**

बेलायतमा प्रधानमन्त्री बोरिस जोनसनको पार्टी कन्जरभेटिभ्सले संसदको निर्वाचनमा बेलायतलाई युरोपेली संघ (ईयू)बाट बाहिर निकाल्ने जनादेश सहितको बहुमत पाएको छ । हाउस अफ कमन्सका ६ सय ५० स्थानमध्ये घोषणा गरिएका ६ सय स्थानमा जोनसनको कन्जरभेटिभ्स पार्टीले ३ सय २६ स्थानमा विजय प्राप्त गरेको छ । उहाँले आगामी जनवरी ३१ मा बेलायतलाई इयूबाट अलग्याउने गृहकार्य गरिरहनु भएको छ । तत्कालिन प्रधानमन्त्री थेरेसा मेले बहुमत गुमाएपछि अन्तरिम प्रधानमन्त्री हुदै उनी नयाँ निर्वाचनबाट फेरी प्रधानमन्त्रीमा नियुक्त भएका हुन् ।

**३. सम्बन्ध सुधार्ने प्रयासमा अमेरिका र उत्तर कोरिया**

एक अर्कालाई प्रमुख दुश्मन ठान्ने उत्तर कोरिया र अमेरिकाको सम्बन्धमा सन् २०१९ मा उल्लेख्य प्रगति नभएपनि शीर्ष नेताको दुई बैठक भयो । अघिल्लो वर्षको जुन १२ का दिन सिङ्गापुरमा पहिलो पटक अंगालो हालेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाका सर्वोच्च नेता किम जोन उनले यस बर्ष दुई पटक शिखर बैठक गरे । दोस्रो बैठक फेब्रुअरी २७ र २८ मा भियतनाममा भयो भने तेस्रो बैठक दुई कोरियाबीचको सिमानामा जुलाई १ मा भयो । दुवै बैठक ठोस उपलब्धीमूलक नभए पनि द्धिपक्षीय सम्वन्धमा दरार नहुनुलाई नै सन्तोषको रुपमा हेरिएको छ ।

**४. बाढी र रोगबाट सयौँको मृत्यु**

बाढीका कारण भारतको केरला, कर्नाटक, गुजरात र महाराष्ट्रमा गरी ३ सय भन्दाबढीको मृत्यु भयो । भारतकै विहारमा फैलिएको इन्सेफ्लाइटिस् रोगका कारण १ सय ६१ भन्दा बढीले ज्यान गुमाए । अष्ट्रेलियामा यस वर्ष फ्लूका कारण २ सय २० जनाभन्दा बढीको मृत्यु भयो ।

**५. आन्दोलनमा सयौँ मारिए**

सुडानमा भएको आन्दोलनका क्रममा १०८ जनाको मृत्यु भयो भने इराकमा झण्डै एक सय जना आन्दोलनकै क्रममा मारिएका छन् । अफ्रिकी अन्य देशहरुमा पनि बेरोजगारी बढेको, आधार भूत सेवाबाट आम जनता बिमुख रहेको तथा सरकारमा भ्रष्टाचार बढेको भन्दै भइरहेका आन्दोलनमा परी सयौँको मृत्यु भएको छ ।

**६.बेलायतमा कन्टेनरभित्र ३९ जनाको शव**

बेलायतको एसेक्सस्थित वाटरग्लेड औद्योगिक क्षेत्रको पूर्वी सडकमा राखिएको एउटा लरीको कन्टेनरभित्र ३९ वटा शव फेला परेका छन् । शवमध्ये ३८ जना वयस्क र एक जना किशोरको रहेको परिक्षणबाट पुष्टि भएको थियो । उनीहरु सुरुमा चिनियाँ नागरिक भनिएपनि पछि भने भियतनामी भएको अधिकारीहरुले बताएका थिए ।

**७. राहुल गान्धीको राजीनामा**

भारतीय कंग्रेस पार्टीका अध्यक्ष राहुल गान्धीले पदबाट राजीनामा दिए । लोकसभा चुनावमा नराम्रोसँग हार व्यहोरेपछि राहुलले पदबाट राजीनामा दिए । उनलाई राजीनामा नदिन सुभेच्छुकहरुले दवाव दिएपनि उनले मानेनन् । उनको अडानका कारण पार्टीका पूर्व अध्यक्ष तथा राजिवकी आमा सोनिया गान्धी नै अहिले भारतीय राष्ट्रिय काँग्रेसको अन्तरिम अध्यक्ष हुन् ।





**८. जापानी सम्राटको दुर्लभ निर्णय**

जापानको इतिहासमा २ सय वर्षभन्दा बढी समयसम्म नभएको घटना यस बर्ष भयो । त्यहाँका सम्राटले स्वेच्छाले राजगद्दी त्याग्ने दुर्लभ निर्णय तत्कालीन सम्राट अकिहितोले गरे । अकिहितोले गद्दी त्याग गरेपछि उनका छोरा ५९ वर्षका नारुहितो जापानको राजा हुन्। नयाँ राजाले राजगद्दी समालेसँगै जापानमा नयाँ युगको सुरुवात भएको भनिएको छ ।

**९. भारतमा वावरी मस्जिद र जम्मु काश्मिर**

भारत सरकारले जुलाई ५ मा मुस्लिम बाहुल्यता रहेको जम्मु काश्मिरलाई विशेष स्वायत्तता दिने संविधानको धारा ३७० खारेज गर्ने आदेश जारी गर्‍यो । त्यसपछि जम्मु-काश्मिर छुट्टै राज्य नभई केन्द्र शासित प्रदेश भएकाले भारतको इतिहासमा यसलाई महत्वपूर्ण दिनको रुपमा लिइएको छ । भारतकै अयोध्यामा वर्षौं पुरानो तथा विवादित मुद्दामा यस वर्ष फैसला भयो । उक्त स्थानमा रहेको रामको मन्दिर हिन्दूहरुले आफ्नो क्षेत्रका रुपमा दाबी गरेका थिए भने इस्लामहरुले पनि उक्त क्षेत्रमा वावरी मस्जिद बनाउनुपर्ने दाबी गर्दै आएका थिए । सर्वोच्च अदालतले सो स्थान हिन्दूहरुलाई दिने र इस्लामहरुका लागि मस्जिद बनाउन अर्को ठाउँमा जमिनको व्यवस्था गर्न फैसला गर्‍यो ।

**१०. श्रीलंकामा दाजुभाइको सत्तारोहण**

श्रीलङ्कामा भएको राष्ट्रपतीय निर्वाचनबाट पूर्व राष्ट्रपति महिन्दा राजपाक्षेका भाई गोटावया राजापाक्षे राष्ट्रपतिमा निवार्चित भए। उनी निवार्चित भएको केही दिनमै तत्कालिन प्रधानमन्त्री रणिल विक्रमासिंघेले राजीनामा दिए र आफ्नै दाइ तथा पूर्व राष्ट्रपति महिन्दा राजापाक्षेलाई नै प्रधानमन्त्रीमा नियुक्त गरे । सन् २००५ देखि २०१५ सम्म श्रीलंकाका राष्ट्रपति बनेर बाहिरिएका राजापक्षे फेरी सत्तामा फर्किएको र दाइ प्रधानमन्त्री तथा भाइ राष्ट्रपति भएको विषय दक्षिण एसियाको एक चर्चाको विषय रह्यो ।

**११. इजिप्टका पूर्व राष्ट्रपति मोर्सीको अदालतमै मृत्यु**

इजिप्टका पूर्व राष्ट्रपति मोहम्मद मोर्सीको अदालतमा बयान दिने क्रममा ढलेर मृत्यु भयो । अरब क्रान्तिपछि सन् २०१३ मा इजिप्टका राष्ट्रपति भएका मोर्सीलाई सेनाले एक वर्षमै अपदस्थ गरेको थियो । अदालतमा बयान दिन लागेको केहीबेरमा मोर्सी ढलेका थिए । प्रतिबन्धित मुस्लिम ब्रदर हुडका शीर्ष नेता ६७ वर्षीय मोर्सीका समर्थकहरुले भने उनको हत्या भएको आरोप लगाएका थिए ।

**१२.पेरूका पूर्व राष्ट्रपति अमेरिकामा पक्राउ**

भ्रष्टाचारको आरोपमा फरार रहेका पेरुका पूर्व राष्ट्रपति अलेक्जान्ड्रो टोलेडो संयुक्तराज्य अमेरिकामा पक्राउ परे । सन् २०१७ देखि संयुक्तराज्य अमेरिकामा बस्दै आएका टोलेडोमाथि ब्राजिली विशाल निर्माण कम्पनी ओडेब्रेक्टसँग पेरु र ब्राजिल जोड्ने राजमार्ग निर्माणको ठेक्का दिँदा घुस लिएको तथा अरु विभिन्न अपराधमा संलग्न रहेको आरोप छ ।

**१३. दुई सय २७ बालबालिकाको सामूहिक चिहान**

दक्षिण अमेरिकी राष्ट्र पेरुका पुरातत्वविदहरुले २ सय २७ जना बालबालिकाको सामूहिक चिहान फेला पारे । आजसम्म फेला पारिएको यस्ता चिहानहरुमा यो सबैभन्दा ठूलो भएको अधिकारीहरुले बताएका थिए ।

**१४. 'मीटू' मुद्दामा ३४ लाख क्षतिपूर्ति**

जापानमा 'मीटू' अभियानबाट चर्चित ३० वर्षीया पत्रकार शिओरी इटोले बलात्कार सम्वन्धी मुद्दा जित्नु भएको छ । जापानमा यौनको विषयमा कम बहस हुने भएकाले यसलाई अत्यन्त महत्वका साथ लिइएको थियो । टोकियोस्थित 'सिभिल कोर्ट' ले इटोको पक्षमा फैसला सुनाउँदै पीडितलाई ३४ लाखभन्दा बढी रुपैयाँ जरिवाना तिर्न आदेश दिएको थियो । उहाँले आफूलाई करिअरबारे छलफल गर्न होटलमा बोलाएर बलात्कार भएको भन्दै दोषीलाई कारबाही गर्न र आफुलाई क्षतीपुर्ति दिलाउन माग गर्नुभएको थियो ।

**१५. सरिफ सिकिस्त, अब्बासी पक्राउ**

पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफ सिकिस्त विरामी हुनुभएको छ । भ्रष्टाचार अभियोगमा जेल सजाय भोगिरहेका सरिफ जेलमै सिकिस्त बिरामी भएपछि पाकिस्तानको एक अस्पतालमा उपचार गरी निको नभएपछि बेलायत लगिएको थियो । उनको अवस्था अहिले पनि चिन्ताजनक नै रहेको छ । सन् २०१९ मै पाकिस्तानका पूर्व प्रधानमन्त्री शाहिद खकान अब्बासी पनि भ्रष्टाचार आरोपमा पक्राउ परे । सन् १९१७ को अगस्टदेखि २०१८ मेसम्म प्रधानमन्त्री भएका अब्बासीलाई पक्राउ गरिएको विषयलाई पनि चासोका साथ हेरियो ।

**१६. मुसरफलाई मृत्युदण्ड**

पाकिस्तानका अर्का पूर्व राष्ट्रपति परवेज मुसर्रफविरुद्ध देशद्रोहको मुद्दामा विशेष अदालतले मृत्युदण्डको सजाय सुनाएपछि विश्वभरी नै फैसलाले विवाद निम्त्याएको छ । विरामी अवस्थामा विदेशमा उपचार गराइरहेका मुसर्रफको मृत्युदण्ड हुनु अगावै निधन भएमा उनको शव तीन दिनसम्म सार्वजनिक ठाउँमा राख्न समेत आदेश दिएपछि यो विषय थप चर्चामा रहेको छ ।

**१७. नागरिकताको नयाँ व्यवस्थाले ततायो भारत**

नागरिकता सम्वन्धी संशोधित विधेयक पारित गरिएपछि पनि भारतका पश्चिम बङ्गाल, कलकत्ता, तामिल नाडू राज्यलगायतका शहरी क्षेत्रमा आन्दोलन चर्किएको छ । आन्दोलनका क्रममा दर्जनौँको मृत्यु भएको छ भने हजारौँ घाइते भएका छन् । पाकिस्तान, बङ्गलादेश र अफगानिस्तानबाट आएको प्रमाण पेस गर्ने हिन्दु, शिख, बौद्ध, जैन, पारसी र इसाइ धर्मावलम्बीले भारतको नागरिकता पाउने नयाँ व्यवस्थाको विरोध भएको हो ।

**१८. ट्रम्प विरूद्ध महाअभियोग प्रस्ताव**

सदनबाट महाअभियोग लगाइएका अमेरिकी राष्ट्रपतिहरुमध्ये डोनाल्ड ट्रम्प तेस्रो राष्ट्रपति बन्नुभयो । हाउस अफ् रेप्रिजेन्टेटिभ्सले राष्ट्रपति ट्रम्पले शक्तिको दुरुपयोग गरेको भन्दै यही डिसेम्बर १८ मा महाभियोगको पक्षमा निर्णय गरेको हो । तल्लो सदनमा ट्रम्पलाई महाअभियोग लगाउने पक्षमा २३० र विपक्षमा १९७ मत खसेको थियो ।

**१९. सान्ना विश्वकै कान्छी प्रधानमन्त्री**

फिनल्यान्डकी ३४ वर्षीया सान्ना मरिन विश्वकै सबैभन्दा कम उमेरकी प्रधानमन्त्री चयन भएको विषयले यो बर्षको अन्त्यतिर निकै चर्चा भयो । प्रधानमन्त्री आन्ती रिन्नेले पदत्याग गरेपछि सोसल डेमोक्याटिक पार्टीले मरिनलाई सरकारको नेतृत्व गर्न चयन गरेको थियो । उनले मन्त्रीमण्डलमा महिलाको बहुमत र धेरै मन्त्री ४० बर्षभन्दा कम उमेरकालाई बनाएका छन् । गठबन्धन सरकारमा ५ वटा दल सहभागी भएका छन् । ती सबै दलको नेतृत्व महिलाले गरेका छन् ।

यी बाहेक अमेरिका र चीनको व्यापार युद्ध, सिरिया, यमन, अफगानिस्तान आदिमा जारी द्वन्द्वलगायतका विषय पनि वर्षभरी चर्चामा रहिरहे । यस्तै उतार चढाबका बीच वर्ष २०१९ विदा हुदैछ र नयाँ वर्ष २०२० लाग्न थालेको छ ।

# Kakre Bihar : small hillock

**Kakre Bihar is a small hillock in the middle of the Surkhet Valley. On top of this hillock is a ruin of a 12th-century stone temple, which shows that the people of the region practiced Hinduism along with Buddhism. The carved stones and bronze statues reflect the images of Buddha, and many Hindu gods and goddesses including Saraswati and Ganesh. This Hindu-Buddhist temple is protected by the government and there is a plan in place to re-erect the structure to its original shape. Architects are working hard to put all the pieces together so as to come up with a model of the temple. Boasting an amazing view of Birendranagar, this beautiful place continuously ranks as one of the most important tourist destinations. Thousands of people come to the area for religious purposes as well as to experience the rejuvenating atmosphere of nature. Important archaeological, cultural and religious exhibits can be found in the city museum, which preserves facts about the place.An historical and religious temple of Surkhet, built in 18th century by Mall king.But nowdays,it is on reconstruction after a destruction by massive earthquake in 1980 B.S in Nepal.**



visit nepal 2020 Lifetime Experiences

## जाडो मौसममा आगो बाल्दा निसासिने र आगलागीका घटनाहरू हुन सक्ने भएकाले :

१. आगो बाल्दा झ्यालका भ्यान्टिलेसन खुला राखौं ।
२. जाडो मौसममा सुरक्षित ठाउँ यकिन गरेर मात्र आगो बालौं, जथाभावी आगो नबालौं ।
३. जाडो मौसममा अति प्रज्ज्वलनशील पदार्थहरू (ग्यास, पेट्रोल, डिजेल जस्ता) भण्डारण तथा बिक्री वितरण कक्ष वरपर आगो नबालौं ।
४. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
५. आगलागीका घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालु अवस्थामा राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रेरक

## गुरुको स्थान

एक राजा खासै पढेलेखेका थिएनन् । उनलाई शिक्षा प्राप्त गर्ने निकै ठूलो रहर थियो । त्यसैले, उनले देशभर नाम चलेकामध्ये एक गुरुलाई दरबारमै आएर आफूलाई पढाउने काममा नियुक्त गरे ।

तोकिएको मिति र समयदेखि गुरुले आफ्नो काम सुरु गरे । उनी हरेक दिन दरबार जान्थे र एक घन्टासम्म राजालाई पढाएर फर्किन्थे । यो क्रम निरन्तर चलिरहेकै थियो । तर, यसबाट राजालाई भने कुनै फाइदा भइरहेको थिएन । जतिसुकै कोसिस गरे पनि उनले केही पनि सिक्न सकिरहेका थिएनन् । देशभरकै चर्चित गुरु भएकाले उनले गुरुको योग्यता र क्षमतामाथि प्रश्न गर्न पनि सकेनन् । तर, आफूले केही सिक्न पनि सकेनन् । उनले पढ्न थालेको भन्डै तीन महिना बितिसकेको थियो ।

एक दिन उनले दरबारमा रानीसित यस विषयमा सल्लाह पनि गरे । रानीले यसबारे गुरुसितै सोध्न राजालाई सुझाव दिइन् । अर्को दिन दरबारमा गुरु आइपुग्नासाथ राजाले प्रश्न गरे- गुरुदेव ! हजुरजस्तो महान् गुरुसित पढ्दा पनि मैले तीन महिनासम्म केही पनि सिक्न सकिरहेको छैन । के म सिक्नयोग्य नै छैन हो ? आखिर मैले किन सिक्न सकिरहेको छैन ? गुरुले जवाफ दिए- यसको कारण स्पष्ट छ महाराज ! तपाई यहाँ सिक्नभन्दा पनि राजाको रवाफ देखाउन आउनुभएको हो कि जस्तो देखिन्छ । किनकि, तपाई स्वयं उच्च सिंहासनमा बस्नुहुन्छ र मलाई तल्लो स्थानमा बसाउनुहुन्छ । तर, जबसम्म म तपाईंको गुरुका रूपमा रहन्छु, त्यतिबेरसम्म मेरो आसन तपाईंको भन्दा उच्च हुनुपर्थ्यो र तपाईंको आसन तल हुनुपर्थ्यो । यो कुरा मैले तपाई राजा भएको हुनाले भन्न पनि सकिरहेको थिइनँ ।

राजालाई आफ्नो भूलको महसुस भयो । उनले तत्काल अध्ययनका लागि छुट्टै कोठा तयार गर्न लगाए । त्यहाँ उनले गुरुलाई उच्च आसनमा बसाए र आफू भने तल्लो स्थानमा बसेर शिक्षा ग्रहण गर्न थाले । उनको मिहिनेत र शिक्षा प्राप्तिको भोकले उनी कम समयमै विद्वान् बन्न सफल भए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आम्दानी मनग्य भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ । आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । चिताएका काममा अलि बाधा हुनसक्छ । तापनि प्रयत्न गर्दा ऋणमोचन हुने समय छ । पछिसम्म लाभ हुने काम प्रारम्भ हुन सक्छ । साझेदारीमा पनि फाइदै हुनेछ । मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । आर्थिक लेनदेनमा सजग रहनुहोला ।

### बृष

पुरुषार्थी काम प्रारम्भ हुनेछ । प्रयत्न गर्दा विशेष स्थान प्राप्त हुन सक्छ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ । मेहनतले नाम, दाम र इनाम दिलाउनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । नोकरी तथा व्यापार-व्यवसायमा लाग्नेहरूलाई फाइदा होला । रुचिका विषयमा लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

### मिथुन

शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला । अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउनेछ । काम देखाएर अरूको सहयोग जुटाउन सफल भइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । मेहनतले पदीय जिम्मेवारी समेत दिलाउनेछ । धेरैले आफ्ना कामको तारिफ गर्नेछन् ।

### कर्कट

समयमै गम्भीर नबन्दा नचिताएको समस्या देखिन सक्छ । आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन् । हलुमलमा धनमाल गुम्न सक्छ । खर्च बढ्नुका साथै अर्थ अभाव महसुस हुनेछ । अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । फाइदाका पछि लाग्दा आत्मीय सम्बन्ध बिग्रन सक्छ । उपचारमा खर्च हुने समय छ ।

### सिंह

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । आकर्षक उपहारले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ । अप्ठ्यारो परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । व्यवसायबाट प्रशस्त आम्दानी भइरहनेछ । भौतिक वस्तुहरू जुटाउन सकिनेछ ।

### कन्या

हिम्मतले काम लिंदा मनग्य लाभ हुनेछ । मेहनतले प्रतिस्पर्धाको दौडमा सफलता दिलाउनेछ । भौतिक साधन जुट्नेछन् । बलजफ्ती गरेरै भए पनि चिताएको काम बनाउन सकिनेछ । शत्रु परास्त हुनेछन् भने रोगबाट पनि छुटकारा मिल्नेछ । आवेशलाई नियन्त्रणमा राख्नुहोला, मुद्दा-मामिलामा विजयी भइनेछ । व्यवसायमा मनग्य फाइदा हुनेछ । शत्रु तथा प्रतिस्पर्धीसँग भने सम्झौता गर्नुपर्ला ।

### तुला

कामले उत्साह जगाउनेछ । सुखद समाचार सुन्न पाइनेछ । स्वास्थ्य सबल रहनेछ । अवरोध बिस्तारै समाप्त हुनेछ । अध्ययनमा राम्रो प्रगति हुनेछ । हिम्मत गर्दा आफ्नै प्रतिभाले फाइदा दिलाउनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । तर महत्वाकांक्षा भने पूरा नहुन सक्छ । साइनो गाँस्नेहरूले व्यवहारमा अप्ठ्यारो पार्न सक्छन्, सतर्क रहनुहोला ।

### बृश्चिक

समयमा वचन पुर्याउन नसक्दा अरूले आलोचना गर्न सक्छन् । बेसुरमा बोल्ने बानीले बादविवाद निम्त्याउन सक्छ । परिस्थितिको बन्धनले पनि स्वतन्त्रतामा बाधा पुर्याउला । महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला । आवेशको निर्णयले समस्या निम्त्याउने हुँदा व्यवहारमा सजग रहनुपर्ला । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन् । बुद्धिको उपयोग गर्दा काम काम सम्पादन हुनेछ ।

### धनु

हिम्मतले काम बनाउन सकिनेछ । मेहनत गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ । नयाँ काम प्रारम्भ हुनेछ भने आम्दानी बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रुहरू परास्त हुनेछन् र प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ । विगतका कर्मको उचित प्रतिफल पाइनेछ । सहयोगीहरू जुट्नेछन् भने पहिले दुश्मनी गर्नेहरू पनि मित्र बन्नेछन् ।

### मकर

द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ । बादविवादले अँटेका काममा बाधा पुर्याउने हुँदा सजग रहनुपर्ला । अरूको वचन टाल्न नसक्दा दुःख पाइनेछ । तर मिहिनेत गर्दा आयआर्जनका स्रोत बढ्नेछन् । पहिलेका कमजोरी सुधार्ने अवसर प्राप्त हुनेछ । बोलीको भरमा काम सम्पादन हुनेछ । पठन-पाठनमा राम्रै प्रगति हुनेछ । विशेष सभा-समारोहमा सहभागी बन्ने अवसर जुट्नेछ ।

### कुम्भ

पहिलेको सफलताले महत्वाकांक्षा बढाउनेछ । विभिन्न अवसर पनि आउनेछन् । तर हठात् निर्णय गर्दा समस्या देखिन सक्छ । खानपान र भेटघाटको अलमलले चिताएका काममा बाधा पुग्न सक्छ । तापनि मिहिनेत गर्दा दिगो काममा जग बसाउने अवसर जुट्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम हातपार्ने सौभाग्य प्राप्त हुनेछ ।

### मीन

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । समय दिन नसक्दा काम बिग्रन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुनेछन् । धेरै लगानीपछि कममात्र फाइदा हुनेछ ।

# समाचार संक्षेप

## नक्कली सुन कारोबार गर्ने ३ जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका ४ बसपार्कस्थित नेशनल गेष्ट हाउसबाट नक्कली सुनलाई सक्कली सुन भनी कारोबार गर्ने ३ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बझाङ बुङ्गल नगरपालिका १ बस्ने ३४ वर्षीय शंकर बोहरा, भारत पिलिभित राघपुरी गाउँ चौकी बजार घर भएका १९ वर्षीय मिख्खु भन्ने मुक्तियार सिंह र सोही स्थान घर भएका ३२ वर्षीय मितु भन्ने मंजित सिंह रहेका छन् ।

उक्त गेष्ट हाउसमा अवैध सुनको कारोबार भइरहेको छ भन्ने सूचनाको आधारमा सुदुरपश्चिम प्रहरी कार्यालय दिपायल र जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उक्त गेष्ट हाउसको कोठा नम्बर ७ खानतलासी गर्दा लुकाई छिपाई राखेको ३ वटा बिस्कुट आकारमा रहेको २ केजी ४ सय ग्राम नक्कली सुन फेला पारी शंकर बोहरालाई पक्राउ गरेको थियो । घटना सम्बन्धमा थप अनुसन्धान गर्ने क्रममा बोहरासँग कारोबारमा संलग्न रहेका मुक्तियार सिंह र मंजित सिंह समेतलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको हो ।

## लुटपाटमा संलग्न चार जना पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका १ हात्तिसारस्थित फोकस डान्सबारमा भारत उत्तर खण्ड घर भएका गणेश सिंह बगडवाल लगायत ७ जनाको साथमा भएको ९० हजार भारतीय रुपैयाँ लुटपाट गरेको अभियोगमा ४ जनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही डान्सबारमा काम गर्ने ललितपुर भैंसेपाटी डेरा गरी बस्ने नुवाकोट त्रिशुली घर भएका २४ वर्षीय सनिगुरु आचार्य, गोरखा घर भएका १९ वर्षीय सनिल मग्रराती, गोरखा घर भएका ३१ वर्षीय शिव थापा र मोरङ घर भएका १९ वर्षीय अभिषेक राई रहेका छन् । महानगरीय प्रहरी वृत्त दरबारमार्गबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । साथै उक्त डान्सबारको काउन्टरबाट १ लाख ५८ हजार ८ सय ३० भारतीय रुपैयाँ र २६ हजार ९ सय २० नेपाली रुपैयाँ समेत प्रहरीले अनुसन्धानका लागि बरामद गरेको छ ।

## सवारी दुर्घटनामा ९ को मृत्यु

काठमाडौं । कास्की, बर्दिया, रौतहट, दाङ र कञ्चनपुरका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ९ जनाको मृत्यु भएको छ ।

कास्की, पोखरा महानगरपालिका १४ चाउथेस्थित सडकमा ग.१ ख ९४०५ नम्बरको बस, ग.२ च २७२६ नम्बरको जिप र ग.१६ प ९५३७ नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाई बुधबार बिहान दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक सोही स्थान बस्ने तनहुँ घर भएका १९ वर्षीय रोनश गुरुङ र जिप चालक पोखरा महानगरपालिका घर भएका ३६ वर्षीय सरोज लामाको पश्चिम क्षेत्रीय अस्पताल गण्डकीमा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका जिपमा सवारमध्ये १ जनाको मणिपाल अस्पताल र अन्य १ जनाको पश्चिम क्षेत्रीय अस्पताल गण्डकीमा उपचार भइरहेको छ । तीन वटै सवारी साधन र बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बर्दिया, ठाकुरबाबा नगरपालिका २ स्थित सडकमा लु.२ ख १०६८ नम्बरको ट्रक अनियन्त्रित भई बुधबार बिहान दुर्घटना हुँदा ट्रकमा सवार हाल नाम, थर, वतन नखुलेका ३ जनाको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका ट्रक चालक दाङ घोराही उपमहानगरपालिका११ बस्ने २८ वर्षीय कर्ण बहादुर चौधरीको मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको छ ।

रौतहट, मौलापुर नगरपालिका २ चिरचिरयास्थित सडकमा ना.५ त ७३४५ नम्बरको ट्याक्टरले ना.३८ प ५१५३ नम्बरको मोटरसाइकललाई मंगलबार राति ठक्कर दिँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक सोही नगरपालिका१ बस्ने ४५ वर्षीय सुरेन्द्र राय यादवको नेशनल मेडिकल कलेज वीरगंजमा थप उपचारको क्रममा र मोटरसाइकलमा सवार सोही नगरपालिका बस्ने ६० वर्षीय राजेन्द्र राय यादवको जिल्ला अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको छ । दुवै सवारी साधन र ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दाङ, बबई गाउँपालिका २ रातामाटास्थित सडकमा रा.१ त ३२५७ नम्बरको ट्याक्टर सडकबाट करिब ५ सय मिटर तल खसेर मंगलबार राति दुर्घटना हुँदा गम्भीर घाइते भएका ट्याक्टर चालक बबई गाउँपालिका५ जौबारी बस्ने २६ वर्षीय खुम बहादुर बुढाथोकीको राप्ती प्रादेशिक अस्पताल तुल्सीपुरमा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका ट्याक्टरका सह(चालक सोही गाउँपालिका रातामाटा बस्ने २५ वर्षीय टोप बहादुर खत्रीको सोही अस्पतालमा उपचार भइरहेको छ ।

कञ्चनपुर, कृष्णपुर नगरपालिका ५ अमखैया जंगलस्थित सडकमा यूपी.१७ टीए १०७७ नम्बरको मिनिबस र म.२ प ९०२७ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएर मंगलबार राति दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक बेदकोट नगरपालिका३ बस्ने ४४ वर्षीय जय बहादुर रानाको प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको छ । दुवै सवारी साधन र बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## सचेतनामूलक कार्यक्रम

ललितपुर । ललितपुर महानगरपालिका १० स्थित पाटन संयुक्त क्याम्पसमा विपद जोखिम न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम महासंघ सम्पन्न भएको छ । प्रहरी प्रधान कार्यालय विपद व्यवस्थापन महाशाखाबाट खटिएको प्रहरीले महानगरीय प्रहरी प्रभाग पुल्चोक ललितपुरको समन्वयमा उक्त सचेतनामूलक कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक टेक प्रसाद राई, पाटन संयुक्त क्याम्पसका प्रमुख योगेन्द्र प्रसाद शाह, प्रगतिशिल शिक्षा स्कूलका प्रधानाध्यापक सूर्य प्रसाद घिमिरे, स्थानीय जनप्रतिनिधि, उक्त क्याम्पस तथा स्कूलका कर्मचारी, शिक्षक लगायत अन्य स्थानीय बासिन्दाहरूको सहभागिता रहेको थियो । संगठनको प्राथमिकतामा रहेको समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत विपद जोखिम न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम अन्तर्गत उक्त सचेतनामूलक कार्यक्रम गरिएको विपद व्यवस्थापन महाशाखाले जनाएको हो ।

## ठगी मुद्दाका कसुरदार पक्राउ

काठमाडौं । उच्च अदालत पाटनको २०७५ असार १२ गतेको फैसलाले ठगी मुद्दामा ६५ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका कसुरदार काठमाडौं महानगरपालिका २७ बस्ने ४१ वर्षीय देव नारायण महर्जनलाई प्रहरीले पक्राउ गरेको छ । सजाय बेरुजु रही लुकीछिपी बसेको अवस्थामा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं असनबाट उनलाई पक्राउ गरेको हो । २०७३ असार १४ गते महर्जनले पीडितहरुलाई अन्यत्रको जग्गा देखाई बेचेको र भोगचलन गर्न जाँदा उक्त जग्गा अर्को व्यक्तिको नाम भएको अनुसन्धानबाट खुल्न आएको थियो । महर्जनलाई जिल्ला अदालत ललितपुरमा पेश गरिएकोमा अदालतको आदेशले आवश्यक कारवाहीको लागि नख्खु कारागार पठाइएको उक्त ब्यूरोले जनाएको छ ।

## अवैध लागूऔषध सहित पक्राउ

काठमाडौं । भक्तपुर, मध्यपुर ठिमी नगरपालिका १ लोकन्थली बस्ने सर्लाही लालबन्दी नगरपालिका१ घर भएका २६ वर्षीय धर्मेन्द्र कुमार कुशवाहालाई नियन्त्रित लागूऔषध नाइट्राभेट २ हजार २५ ट्याब्लेट सहित सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । कुशवाहाको कोठामा लागूऔषध लुकाइछिपाई राखेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी वृत्त ठिमी भक्तपुरबाट खटिएको प्रहरीले कोठामा तलासी गर्दा झोलामा लुकाईछिपाई राखेको अवस्थामा उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Levity = गंभिरता, संवेदनशीलता र अरूप्रति आदरभाव नदेखाउने प्रवृत्ति Laughing lightly and talking loudly in an august gathering is nothing but levity (विद्धतवर्गको जमघटमा अर्थहीन कुरामा हाँस्ने, ठूलो स्वरले कुरा गर्ने जस्तो प्रवृत्ति गंभिरता, संवेदनशीलता र अरू प्रति आदरभाव नदेखाउने मानिसमा मात्र हुन्छ )

Meticulous = अति होसियार, धेरै होस पुर्‍याउने प्रवृत्ति He is very good editor and meticulous especially in proof reading (ऊ ज्यादै राम्रो संपादक हो र शुध्दाशुध्दीको कुरामा त झनै होस पुर्‍याउछ)

Nihilist= रुढीमा पटक्कै विश्वास नगर्ने, क्रान्तीकारी, आतंककारी Hitler has been considered to be a power mad nihilist ( हिटलर शक्ति भने पछि हुरुक्कै हुने र जुनसुकै काम गर्न पछि नपर्ने खालका क्रान्तीकारी आतंकवादी थिए )

Oracular = भविष्यवाणी गर्न सक्ने, रहष्यपूर्ण र दोहरो अर्थ लाग्ने Mostly the prediction made by the horoscopes are of oracular nature (ज्योतिषहरूले गरेका भविष्यवाणीहरू विशेषत दोहरो अर्थ लाग्ने खालका हुन्छन)

Perfidious = धोकेबाज He is a perfidious friend because he betrayed me (ऊ धोकेबाज मित्र हो किनकि उस्ले मलाई धोका दियो )

Quixotic = आदर्शवादी तर अव्यवहारिक To be a successful leader one should not be a quixotic rather practical (सफल नेता बन्नको लागि आदर्शवादी तर अव्यवहारिक भएर हुदैन व्यवहारिक पनि हुनुपर्दछ)

Refulgent = उज्यालो चम्किलो She is a very beautiful women, many people says that she has a very refulgent face likt that of a full moon (तिनी ज्यादै राम्री महिला हुन उन्को अनुहार पूर्ण चन्द्र झैं चम्किलो छ भनेर सबैले भन्छन)

Scintilla = न्यूनतम, अलिकति In your argument there is no scintilla of logic (तिम्रो तर्कमा अलिकति पनि सार छैन)

Traduce = अरूको इज्जतमा हिलो छ्याप्ने, चरित्र हत्या गर्ने Only by traducing others' reputation, one can not be successful in politics (खाली अरूकै चरित्र हत्या गरेको भरमा मात्र राजनीतिमा सफल हुन सकिन्न)

Usury = कानूनले तोकेको भन्दा बढी ब्याजमा ऋण दिने प्रवृत्ति As he was found guilty of usury, he was sentenced three months' imprisonment ( बढि ब्याज लिएकोमा दोषी प्रमाणित भएको हुँदा उस्लाई तीन महिनाको कैद सजाय भयो )

## Give बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Give something to somebody = कसैलाइ केही दिनु He gave me a pen उस्ले मलाइ एउटा कलम दियो ।

Give something to somebody = सारि दिनु You gave your cold to me तिमीले मलाई रुघा सारिदियौ ।

Give dinner = रात्रीभोज दिनु He gives us dinner this week यो हप्ता उस्ले हामीलाई रात्री भोज दिन्छ ।

Give press conference = पत्रकार सम्मेलन गर्नु The Primeminister gives a press conference this evening प्रधानमंत्रीले आज बेलुकि पत्रकार सम्मेलन गर्नेछन् ।

Give something to something = केहि कुराको लागि केहि दिनु Give your help to find the way out समस्याबाट निकाश दिन तिमी मध्दत देउ ।

Give something for something = सट्टामा दिनु Do you give some money for his labor उस्को श्रमको सट्टा तिमी केही पैशा दिन्छौ की ?

Give somebody a punch = कसैलाइ मुक्का दिनु The angry man gave policeman a punch रिसाह मानिसले प्रहरीलाई एक मुक्का दियो ।

Give somebody a chance = कसैलाइ मौका दिनु I am not going to give you any chance anymore from now on म अब उप्रान्त तिमीलाई कुनै मौका कहिले पनि दिने छैन ।

Give somebody a kiss = म्वाइ खानु She never gives her husband a kiss तिन्ले आफनो श्रीमानलाई कहिले म्वाइ खादिनन् ।

Give a polish = चम्काउनु Do you give your shoes a polish everyday? के तिमी दिनदिनै आफनो जुत्ता चम्काउछौं ?

### सुडोकु-अंक १८१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ५ | १ | ७ | | | |
| | | | | | | | ५ | ६ |
| ३ | | | ४ | | | २ | | |
| ६ | | | | ९ | | | २ | ५ |
| | | | ६ | | १ | | | |
| ४ | १ | | | ३ | | | | ७ |
| | | ६ | | | ५ | | | ८ |
| २ | ४ | | | | | | | |
| | | | ३ | ४ | ६ | | | |

### अंक १८० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | २ | ६ | १ | ८ | ७ | ३ | ५ | ४ |
| ८ | ५ | ३ | ४ | ९ | ६ | २ | १ | ७ |
| १ | ४ | ७ | २ | ५ | ३ | ६ | ९ | ८ |
| २ | ९ | १ | ५ | ३ | ८ | ७ | ४ | ६ |
| ५ | ३ | ४ | ७ | ६ | १ | ८ | २ | ९ |
| ६ | ७ | ८ | ९ | २ | ४ | १ | ३ | ५ |
| ३ | १ | ५ | ६ | ७ | ९ | ४ | ८ | २ |
| ७ | ८ | २ | ३ | ४ | ५ | ९ | ६ | १ |
| ४ | ६ | ९ | ८ | १ | २ | ५ | ७ | ३ |

# शब्दचित्रमा किरण शर्मा घिमिरे

| | | |
|---|---|---|
| **पारिवारिक नाम** | : | आजाद शर्मा |
| **नाम** | : | किरण शर्मा घिमिरे |
| **जन्म** | : | अक्षय तृतीया २०१० साल वैशाख २६ गते बुधबार |
| **जन्मस्थान** | : | काठमाण्डौ |
| **ठेगाना** | : | वाशु त्रैलोक्य महागल्ली, नारायण बजार पुजा प्रतिष्ठानमार्ग, बानेश्वर काठमाडौं नेपाल |
| **टलिफोन** | : | ४४७७०३६, ९८४१४०७२५३,९८१३००२२६६ |
| **नागरिकता** | : | नेपाली |
| **परिवारिक स्थितिः** | | विवाहित, एक छोरा |
| **उचाइ** | : | ५ फुट ७ इंच |
| **लिंग** | : | पुरुष |
| **भाषा** | : | नेपाली |



| | | |
|---|---|---|
| पिता | : | सम्माननीय स्व. श्री वाशुदेव शर्मा |
| **माता** | : | उर्मिला शर्मा |
| **शैक्षिक योग्यताः** | | एम.ए.वि.एल.(नेपाल) |
| **तालिम** | : | प्रथम कम्प्यूटर तालीम, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान नेपाल |
| | | कार्यालय व्यवस्थापन तालिम, |
| | | नेपाल प्रशाशनिक प्रशिक्षण प्रतिष्ठान नेपाल |
| **अनुभव** | : | विशेष अधिकृत, तत्कालिन अख्तियार दुरुपयोग निवारण आयोग |
| | | लेखा परिक्षक, महालेखा परिक्षक |
| | | अनुसन्धान अधिकृत, कृषि आयोजना सेवा केन्द्र |
| | | अनुगमन अधिकृत, राष्ट्रिय जनमत संग्रह आयोग |

| | |
|---|---|
| **वर्तमान क्रियाकलाप :** | अधिवक्ता, घरजग्गा दर्तासम्बन्धी मुद्दामामिलामा विशेषज्ञता |
| **आबद्धताः** | सदस्य, नेपाल वार एसोसियसन |
| | कार्यसमिति सदस्य, पूजा प्रतिष्ठान |
| | सल्लाहकार, योगी नरहरिनाथ ट्रस्ट |
| | कार्यसमिति सदस्य, घिमिरे कुलायन निजी गुठी |
| | कार्यसमिति सदस्य, कवीर सत्संग आश्रम बानेश्वर |
| | कानुनी सल्लाहकार, हाम्रो नेपाल सामाजिक संस्था |
| **विभूषण/पुरस्कारः** | राष्टिय जनमत संग्रह पदक २०३६ |
| **भ्रमणः** | नेपालको अधिकतम हिमाली, पहाडी र तराईका जिल्लाहरु |

# खम्पा काण्ड : नेपालबाट मुस्ताङलाई टुक्र्याएर तिब्बत कब्जा गर्न विदेशीले गराएको विद्रोह

■ **राजेन्द्र थापा**

खम्पाहरू त्यसताका उत्तरी सीमा क्षेत्र कब्जा गरी चीनमाथि गुरिल्ला आक्रमण तथा मुस्ताङ क्षेत्रका नेपाली जनतामाथि अराजक तथा अवैध शासन गर्थे । तिनै अराजक खम्पाहरूको हतियार लिँदै खम्पाहरूलाई गैरसैनिक जीवनमा पुनर्स्थापना गर्ने कार्यको मूल संघर्ष र सफलता २०३१ सालको यही साउनभदौमा नेपाली सेनाले हासिल गरेको पनि ठ्याक्कै अहिले ४० वर्ष पूरा भएछ । मुस्ताङ र दार्चुलामा गरिएका उक्त अप्रेसनका पूरै अवधि काठमाडौंस्थित जंगी अड्डाको अप्रेसनल सञ्चार केन्द्रको एकमात्र सिग्नल अधिकारी म थिएँ । क्याप्टेन थिएँ म । सार्वजनिक भइसकेका तथ्यांक र मेरा निजी स्मरणका सिलसिलामा म खम्पाकाण्ड यस्तो पाउँछु ।

खम्पाहरू सुरुमा दार्चुलाको व्यास उपत्यका टिंकर क्षेत्र तथा मुस्ताङ, रसुवा हुँदै पूर्व ओलाङचुंगोलासम्म बसेका थिए । भारतको धर्मशालाका तालिमप्राप्त सयौं लडाकू खम्पाहरूले विशेष गरी जोमसोम तथा आसपासका विभिन्न स्थानमा क्याम्पहरू बनाएर कयौं वर्षदेखि चीनमा छिरी विध्वंस मच्चाउँथे । जोमसोमबाट उत्तर करिब चारपाँच घन्टा कठिन हिँडाइमा पुगिने साढे एघार हजार फिटको केसाङमा उनीहरूको हेक्वा थियो । पहिले जनरल बाबा हिसी कमान्डर थिए । कठिन जीवनबाट बहुसंख्यक गुरिल्लाहरू थाकिसकेका र धमाधम छोडेर भाग्न थालेका हुँदा तिनीहरूलाई नियन्त्रण गर्न सीआईएको पहलमा विदेशमा तालिम गराइएका उग्र, कडा जनरल वाङ्दीलाई कमान्ड दिइयो । जनरल हिसी ठूलै असन्तुष्टित समूह लिएर काठमाडौं पुगेका थिए । पछि सैनिक अप्रेसनको तयारी र कार्यान्वयनका लागि उनका सूचना तथा गाइडहरूको सहयोग उपयोगी रह्यो ।

अन्य क्याम्पहरू मुस्ताङका कागबेनी, थिनी, छुसाङ, समार, ढिलिङ, धामी, साम्दा, चराङ, पाङ्गाच्या, मुक्तिनाथ र मनाङमा थिए । सानो स्टल एयर क्राफ्ट पनि ल्यान्ड गर्छ भनिएको साढे सत्र हजार फिटको पठार टांगे भ्युमा अमेरिकन सी १३० सप्लाई जहाजले एयर ड्रप गर्थ्यो ।खाम क्षेत्रवासी खम्पा सयौं वर्ष अघिदेखि धर्मको नाममा आमगरिब जनतालाई लुटेर लुटको केही अंश गुम्बाका लामाहरूलाई बुझाउने जातका लडाकू, सुरा व्यक्ति हुन् । चीनका विरुद्ध लडाकूमा बहुसंख्यक तिनैलाई प्रयोग गर्न थालियो । त्यो बेला मुस्ताङमा वास्तवमा नेपालको शासनै थिएन भन्दा पनि हुन्छ । घटनाका बेला नेपाली सेनाका पूर्वकर्णेल शैलेन्द्रबहादुर महत प्रमुख प्रशासकीय अधिकृतका रूपमा गृहका प्रतिनिधि थिए ।

**चीनको चेतावनी**

खम्पाहरू तिब्बत घुसी आमजनतालाई बलात्कार गर्ने, लुट्ने, घरहरू आगो लगाउने, चौंरी र भेडाहरू मारेर मासु ल्याउने आदि गर्छन् भन्ने आरोपसहित चीन सरकारले नेपाललाई दबाब दियो । चीन आफैं पसेर खम्पा क्याम्पहरू ध्वस्त पार्ने संकेत पनि दियो रे भन्ने पनि सुनियो । २०३१ सालको प्रारम्भमा सेनाका प्रधानसेनापति सिंहबहादुर बस्न्यातलाई एक्सनको आदेश आयो । तत्कालीन सहायक रथी सिंहप्रताप शाहलाई अप्रेसन कमान्डर नियुक्त गरियो, युद्ध भनिएन । सैनिक अभ्यास (तालिम) भनियो । सायद भारत र अमेरिकालाई नचिढ्याउन कूटनीतिक विडम्बना थियो त्यो ।

पोखरास्थित श्रीनाथ गणको दुई कम्पनी, इन्द्रध्वज कम्पनी र नारायण दल कम्पनी अनि एक बन्दोबस्ती प्लाटुन मिलाएर एक बलियो अभ्यास गण बनाई त्यसका कमान्डरमा लेक सत्चितशमशेरलाई तोकियो । साथमा राजदलका तोपहरू, गणेश दलका सञ्चार तथा कालीप्रसाद गणका फिल्ड इन्जिनियरिङ साधनहरूसमेत समावेश एक बलियो शक्ति तयार भयो । भैरवी दल कम्पनीलगायत अन्य स्थानहरूबाट पनि टुक्रा फौजहरू संकलन गरी विभिन्न रोलमा उपयोग गरिएको थियो । प्रारम्भमा सत्चित आफैं जोमसोम पुगेर प्रशासकीय अधिकृत तथा स्थानीयवासीसँग सूचना बटुलेर फर्के । सैनिक भाषामा रेकी चरण पूरा गरे ।

**बढ्यो सेना**

पोखरामा एकत्रित विभिन्न स्थानबाट आएका फौजलाई संयुक्त संगठनात्मक एकरूपता तथा आपसी मिलाप र समन्वयको चरणपश्चात् मुभ सुरु भयो । पोखरा, नौडाँडा, हिले, घोडेपानी, शिखा, धासा, लेटे र मार्फा हुँदै १ असार २०३१ (१५ जुलाई १९७४) मा जोमसोम पुगे । टुकडीहरू विभिन्न स्थानमा खटिए, तिनले आफ्नो प्रभाव जमाउन फ्लाग मार्च अर्थात् सैनिक मुभमेन्टहरू व्यापक रूपमा गरेर सेना साँच्चिकै खम्पाहरूलाई हटाउनै आएका हुन्



भन्ने सन्देश प्रचारित गर्न थाले । भागेको रोक्नलाई पहिले नै बेग्लै रुटबाट छार्का र मनाङमा स्वतन्त्र फौज तैनाथ भइसकिएको थियो । जोमसोममा ब्रिगेडिएर जनरल सिंहप्रताप शाहले ट्याक्टिकल हेक्वा स्थापना गरे । तत्कालै तोपहरूबाट फायरिङ गरी मनोवैज्ञानिक दबाब दिने कार्य सुरु भयो । फौज तैनाथ र मनोवैज्ञानिक युद्धको पहिलो चरणपछि हतियार बुझाई आत्मसमर्पण गर्नु अन्यथा सेना कारबाही गर्न तयार छ भन्ने भाकाको पत्र वाङ्दीलाई सिंहप्रतापले प्रेसित गरे । तत्कालै ५ साउन(२० जुलाई) सम्म आत्मसमर्पण गरी हतियार बुझाइने प्रत्युत्तर प्राप्त भयो ।

आशा गरेकोभन्दा शीघ्रको यो सकारात्मक जवाफले युद्ध टरेको अनुभूति भयो तर सेनाको मुभमेन्ट कम भएन । अझै व्यापक सक्रियता प्रदर्शन गरिँदै गयो । फेरि ११ गतेसम्मको म्याद थप मागे वाङ्दीले । फेरि १६ साउन मध्यरातसम्ममा सम्पूर्ण हतियार बुझाइसक्ने म्याद थपे । अभिलेखमा यी मितिहरू अंकित भए पनि मैले सम्झेअनुसार बीचबीचमा केही हतियार करिब बीसपच्चीस थान विभिन्न क्याम्पबाट ल्याएर बुझाएका थिए । त्यही बेला हेक्वाबाट एक गोप्य मेसेज उता पठाउन मेरो हात परेको थियो । यसलाई मैले तत्कालै कोड बनाएर पठाएको थिएँ । उक्त कुराले यता काठमाडौंमा अरू नै खिचडी पाकिरहेको अनुभव भयो मलाई ।

उता फौजलाई जीवनमृत्युको दोसाँधमा खटाएर यता दरबार ठीक माओवादी कालमा झैं भित्रभित्रै कुनै स्रोतसित कार्य गरिरहेको थियो । सो स्रोतले त्यस बेला पनि माओवादीले झैं झुक्याएर अन्त्यमा वाङ्दी भागेर गएका थिए । हिस्ट्री रिपिट्स इटसेल्फ । सीधा सिंहप्रतापलाई सम्बोधन गरिएको अति गोप्य सन्देश थियो, 'वाङ्दी हाम्रा मित्र हुन्, उसलाई आफ्नो सुरक्षाका लागि चालीसपचास सशस्त्र गार्ड राख्न दिनू । अन्त्यमा उसले सबै बुझाएर आफू पनि आत्मसमर्पण गर्नेछ ।' दस्तखत व्यवस्था युद्ध निर्देशक सहायक रथी भरतकेशर सिंहको थियो ।

(स्टाब्लिसमेन्ट २२ - अमेरिकी गुप्तचर संस्था सीआईएले अन्य खम्पा विद्रोहीलाई तालिम दिन भारतीय गुप्तचर संस्थाहरू इन्टेलिजेन्स ब्युरो (आईबी) र पछि 'र' सँग मिलेर भारत, देहरादुनको चक्राता भन्ने स्थानमा पनि 'स्टाब्लिसमेन्ट २२' प्रशिक्षण शिविर सञ्चालन गरेको थियो । दलाइ लामा र नेपालमा परिचालित खम्पाहरूलाई तालिम र हातहतियारका साथै अन्य खर्चका लागि सीआईएले हरेक वर्ष १७ लाख अमेरिकी डलर दिने गरेको थियो । सन् १९७२ मा रिचर्ड निक्सन अमेरिकी राष्ट्रपति बनेपछि यो सहयोग बन्द गरियो । - नेपाली सेनाका प्रेमसिंह बस्न्यातद्वारा लिखित 'नेप्लिज आर्मी इन टिबेटन खम्पा डिस्आर्मिङ मिसन'बाट साभार)

दरबारबाट सेनाले पाएको आदेश यस्तो थियो । यही पत्रका आधारमा फिल्डको सेनाका हातबाट वाङ्दी उम्किन सफल भयो । तर, सेनाभित्र धेरै कमलाई यो मेसेजबारे ज्ञात छ ।

मुस्ताङलाई नेपालबाट अलग पारी तिब्बत रिक्याप्चरका लागि आधारभूमि बनाउने लक्ष्य दलाइ लामाको भएकाले सेनालाई खम्पाले प्रतिकार गर्ने खबर स्थानीयले दिएकाले फौज सतर्क थियो । यदि सेना आएमा नेपालकै विरुद्ध लड्ने आदेशको टेप स्वयं दलाइ लामाको स्वरमा पठाएकाले वाङ्दीले आत्मसमपर्ण गर्ने भनाइ षड्यन्त्र हो भन्थे स्थानीयवासी । तर, धेरै खम्पाले सेनासित आत्मसमर्पण गर्न चाहेका कारण वाङ्दी कमजोर हुन गएका हुन् । नेपाल राज्यको जमिन कब्जा गरेर मित्रराष्ट्रमाथि आक्रमण गराउने यिनै दलाइ लामा हुन् भन्ने तथ्य आजका सन्दर्भमा पनि बिर्सन हुँदैन ।

म्याद नाघेपछि जोमसोमबाट साउन १७ गते सेनाले आक्रमणको कारबाही गर्‍यो । चारैतिरबाट घेर्दै र तोपको फायरसहित केसाङ क्याम्प घेर्दासमेत कतैबाट प्रतिकार आएन । चेतावनी दिँदा पनि कुनै जवाफ नआएपछि क्याम्पमा धावा बोलेर कब्जा गरी जमिनमुनि लुकाइएका हातहतियार र गट्ठा भारी मात्रामा जफत गरियो । वाङ्दीले धोका दिएर भागेको तथ्य सेनाको शरणमा आएका खम्पाहरूले बताए । सोही दिन बिहान ९ बजेतिर वाङ्दीलाई भाग्न नदिने र ठोक्ने आदेश जारी भयो । अर्को दिनबाट अक्रामक तरिकाले छुसाङ, समार, घिलिङ तथा धमी क्याम्पहरू कब्जा गर्दै हतियार र केही खम्पालाई पक्रन सफल भयो । सेनाका अनुसार त्यो बेला बरामद गरिएका विभिन्न देशमा बनेका आधुनिक हतियारमा राइफल पाँच सय ४३ वटा, ब्रेन गन ७५ वटा, स्टेन गन ३५ वटा, पिस्टल १६ वटा, ६० मिमि मोर्टार आठ वटा, ५७ मिमि आरसियल सातवटा, ६० मिमि बम तीन सय ८५ वटा, ५५ मिमि बम तीन सय २० वटा, गोलीहरू दुई लाखभन्दा बढी तथा पाँच थान सञ्चार सेटलगायत अन्य सानातिना युद्ध सामग्री थिए ।

५०र६० जना आफ्ना नजिकका खम्पा सैनिकसहित थुप्रै खच्चडमा लाखौं नगद, अत्याधुनिक हतियार तथा बहुमूल्य सामग्रीहरू लिएर गएको जानकारी पक्रिएका खम्पाहरूले दिए । मनाङ र मुस्ताङमा व्यापक खोजी गरियो । कागबेनी र झारखण्ड जाने टोलीले घमीमा वाङ्दीहरूले मारेको चौंरीका चिह्न भेटे पनि त्यसपछि उच्च इलाकामा ती हराए । युद्ध गर्न सेनालाई कम आँकेरै उक्त सेट नबिगारेर सन्देश दिइएको हो । तर, सेना सोचेजस्तो कम नभएकाले वाङ्दीको काल अवश्यम्भावी हुन पुग्यो ।

खबर प्राप्त हुनासाथ जंगी अड्डाले पश्चिम र सुदूरपश्चिमका वाहिनीपति ब्रिगेडियर जर्नेल आदित्यशमशेरलाई 'गो अहेड' दियो । कुनै पनि हालतमा वाङ्दीका शकुनी जालमा नपर्ने मनस्थितिका आदित्यशमशेरले तत्कालै जमिनको मिहिन अध्ययन गरेर फस्ट राइफल गण र अह्रिदमन कम्पनीलाई विभिन्न ठाउँमा अक्रामक एम्बुसको ठोक् आदेश दिए । नभन्दै वाहिनीपतिको मूल्यांकनअनुसार नै अह्रीदमन कम्पनीका जमदार दानबहादुर चन्द नेतृत्वमा तिनै देशको सिमानाकै केही सय मिटरको टिंकर पासमा रहेको जालमा अन्ततस् खम्पा काण्डकै विसर्जन भयो । र, सेनाको नाम फेरि उच्च भयो । तोकिएको निकै दिनसम्म कुनै गतिविधि नभए पनि फौज धैर्य गरेर बसिरह्यो । अन्य ठाउँबाट भागिसकेको शंका पनि काठमाडौंमा गरिएको थियो । तर, सेप्टेम्बर १५ (भदौ ३० हो कि) मा बिहानीपख अचानक टिंकर लिपुको एम्बुसमा थुप्रै खच्चरका साथ खम्पाहरूको लस्कर देखा पर्‍यो । छेउमा आइपुगेपछि फौजले फायर खोले । अगाडिका केही व्यक्ति सोत्तर भए ।

सबै भागेर अग्लो भाग भएको चीनतिर पसे । केही समयपछि संगठित भएर फायर गर्दै पोजिसन लिएर घटनास्थलमा प्रत्याक्रमण गरे । केही खम्पाले धेरै बेरसम्म लास तानेर लैजान भयानक प्रयत्न गरे पनि सेनाको कडा प्रहारका कारण



गएका हाम्रा सैनिकहरूसित हाइअल्टिच्युडका पोसाक तथा इक्विपमेन्ट तथा मेडिकल साधन पनि थिएन । अप्रेसनपछि सेनाले जोमसोममा हातैले एअरपोर्ट बनायो । सेनाको सहयोगमा सरकारले पासाङ नामक एक अद्भुत हर्टिकल्चर विज्ञको नेतृत्वमा मार्फामा एप्पल फार्मिङ र सागसब्जीको विकास गर्‍यो । स्थानीय जंगली स्याउमा जापानी स्याउको कलमी गरेपछि ठूलो स्याउ उत्पादन हुन थाल्यो । मुस्ताङेहरू देशकै उत्कृष्ट स्याउ र सब्जी उब्जाउन सफल भए । आजको विकसित जोमसोमको नाम लिँदा सेना र ती पासाङको नाम भुले पाप लाग्छ ।

**टिंकरमा वाङ्दी**

वाङ्दी कता गए थाहा नभए पनि जंगी अड्डाले पूर्वपश्चिम दुवै दिशातिरका फौजलाई चनाखो बनाइरह्यो । अचानक सेप्टेम्बर पहिलो हप्तातिर सिमीकोटको यारी गाउँको प्रहरीचौकीबाट प्राप्त सूचना आयो । यो विवरण मेरो स्मरणअनुसार हो । पुरानो मेसेज खोजे भेटिन्छ । अन्यत्र प्रमाणित पूर्ण पाठ प्राप्त नहोला । वाङ्दीको टिमले गाउँमा राति चौंरी लुटेर भोज खायो । नाचगान गरी केटीहरूलाई जबर्जस्ती गर्‍यो । उनीहरूले भोलिपल्ट बिहान गाउँमाथिको चौकी कब्जा गरे, हतियार लुटे । तर, वायरलेस सेट भने बिगारेनन् ।

तेरो सरकारलाई हामी सेप्टेम्बर (सायद १० थियो कि?) मा सिमानामा हतियार बुझाइदिन्छौं भनेर खबर ग`भनेर हिँडे । बलात्कारको खबर गोरखापत्रमा छापियो । राष्ट्रिय पञ्चायतमा माननीयहरूले उधुम मच्चाए र गृहमन्त्रीको राजीनामा मागे ।

सकेनन् । भोलिपल्ट थाहा भयो, वाङ्दीको लास लैजान प्रत्याक्रमण गरेका रहेछन् । यदि लास लगेको भए आजसम्म पनि वाङ्दीलाई जीवित मान्न कर लाग्थ्यो र सेनाको नाममा खम्पा काण्ड असफल घटनाका रूपमा रहिरहन्थ्यो । साँझ अँध्यारो नभएसम्म खम्पाले मोर्टर तोपलगायत हरेक हतियारले फायर गरे पनि लास लान सकेनन् ।

केही सय मिटर पर भारतीय सीमामा भारतीय सुरक्षाकर्मी पनि युद्ध हेरेरै बसे । पछि पुल तरेपछि स्वागत गरेको देखिएको थियो । त्यस्तै चीनबाट पनि फायर सुनेर केही परबाट आइपुगेका सुरक्षाकर्मी पनि हेर्दै गरेका थिए । राति खोजतलासमा फेला परेका घाइतेहरूले वाङ्दी मरेको सूचना दिएर लास चिनाए । भोलिपल्ट काठमाडौंबाट पठाइएको हेलिकोप्टरमा वाहिनीपति स्वयं गए । फौजलाई हौसला दिई वाहिनीपति फर्के ।

पक्रिएकाका भनाइमा वाङ्दी धेरैजसो यात्रामा चीनको भूभागबाट हिँडेर आएका थिए । तीनचार ग्रुप बनाएर आफू ग्रुप बदल्दै हिँड्ने वाङ्दी बिहानमात्रै इन्डिया आइपुग्न लागेकाले पहिलो ग्रुपको अग्रभागमा पुगेका रे । सेनाले यहाँ आएर यस्तो एक्सन लेला भन्ने उनलाई कल्पना पनि थिएन रे । अर्को दिन फोटोग्राफर लप्टन चन्द्रबहादुर थापा र स्वयं हिसी गएर सनाखत भएपछि सरकारले फुक्यो । त्यसपछि गृहमन्त्री जोगमेहर श्रेष्ठले हाउसमा भने, 'माननीयज्यूको निर्देशनअनुसार हामीले आततायीहरूमाथि कारबाही गर्ने आदेश दियौं र सुरक्षाकर्मीले तत्कालै वाङ्दीलाई मारेर सजाय दिए ।'

## एमसीसी...

जनाएको हो । नेपालमा आइपीएस प्रवेश गर्नु चीनका लागि चिन्ताको विषय हो । नेपाल पनि विदेशीको खेलमैदान हुन सक्छ । नेपालले कूटनीतिक चातुर्यता देखाएर आफ्नो अडान पेस गर्नुपर्छ । वचन मात्र दिँदा कूटनीतिक रुपमा असफल भइन्छ र राष्ट्रकै विश्वसनीयता गुम्छ । चीनका परराष्ट्रमन्त्री वाङ्दीको नेपाल भ्रमणताका सत्तारुढ दल नेकपाका अध्यक्ष प्रचण्डले नेपाल आइपीएसमा सहभागी हुँदैन भनेका थिए । यसलाई चिनियाँ परराष्ट्र मन्त्रालयले प्राथमिकताका साथ लिएको थियो । प्रचण्ड अहिले पनि यही अडानमा देखिएका छन् र उनको अडानलाई चीनले प्रशंसा गरिरहेको छ ।

सन् २०१८ मे २५ मा एमएमसीको युरोप एसिया तथा ल्याटिन अमेरिका हेर्ने डेपुटी भाइस प्रेसिडेन्ट जोनाथन ब्रुक्सको नेतृत्वमा एउटा प्रधिनिधिमण्डल नेपाल आयो । त्यो प्रतिनिधिमण्डलले प्रधानमन्त्री केपी ओली, ऊर्जामन्त्री, पूर्वाधार विकासमन्त्रीलाई भेटेर एमएमसीलाई संसदबाट चाँडै अनुमोदन गराउन दबाब दियो । त्यसपछि सरकारले एमएमसी बर्खे अधिवेशनबाट पारित गराउन प्रक्रिया अगाडि बढाएको थियो । तर तत्कालीन सभामुख कृष्णबहादुर महराले यसलाई प्राथमिकतामा राखेनन् । यसबाट प्रधानमन्त्री ओली निकै आक्रोशित देखिएका थिए । महरालाई आइमाई काण्ड लाग्यो । संसद अहिले नयाँ सभामुख चुन्ने तयारीमा छ । सभामुख पूर्वमाओवादीबाट बनेमा एमएमसी सम्झौता पारित हुन कठिन हुने बुझेकाले ओलीले सुवास नेम्वाङलाई सभामुखमा अघि सारिरहेका छन् । तर प्रचण्डले नेम्वाङको नाममा असहमति जनाइसकेका छन् ।

इन्डोप्यासिफिक सामरिक हिसाबले संसारको व्यापारिक र सामरिक केन्द्र हो । संसारको २० प्रतिशत जलाशय रहेको यो भूभागमा ४० प्रतिशत तेल भण्डार रहेको अध्ययनले देखाउँछ । एक लाख बीस हजार सामुद्रिक जहाजको गन्तव्य रहेको यस क्षेत्रमा विश्वका ३ तिहाई तेलका ट्यांकर, ५० प्रतिशत कन्टेनर र संसारको बढी कार्गोको आगमन यस जलाशयबाट हुने गरेको छ । इन्डोप्यासिफिक क्षेत्रसँग सिधा सम्बन्ध रहेको मुलुकको संख्या ५१ रहेको छ जसले संसारको ३९ प्रतिशत जनसंख्या ओगट्छ । अमेरिका जापान र अष्ट्रेलिया समेत इन्डोप्यासिफिक क्षेत्रमा भारतको सक्रियता उपस्थिति र नेतृत्वलाई प्रोत्साहित गर्न विभिन्न प्रकारका रणनीतिक सहयोग गरिरहेका छन् । सन् २०१९ डिसेम्बर १३ र १४ मा नयाँदिल्लीमा इन्डोप्यासिफिकसँग सम्बद्ध राष्ट्रको सम्मेलनले यही बताउँछ । 'देल्ही डायलग' संज्ञा दिइएको सो सम्मेलनमा थाइल्यान्ड, फिलिपिन्स, मलेसिया, इन्डोनेसिया, सिंगापुर, जापान, साउथ अफ्रिका, बंगलादेश, भियतनाम, ओमान, युएई, इरान, मोरिसस, म्यान्मार, भारत, अमेरिका र रुस समेतको सहभागिता थियो । एसियामा चीनको बढ्दो वर्चश्व कम गर्न आसियन मुलुकको सक्रियतामा कवारड (जापान, भारत, अष्ट्रेलिया र अमेरिका) सहभागितामा र पश्चिम एसियाका खाडी मुलुकको सद्भावमा इन्डोप्यासिफिक रणनीतिलाई अगाडि बढाउन रस्साकस्सी चलिरहेको छ । इन्डोप्यासिफिक क्षेत्रमा भौगोलिक हिसाबले भारतको प्रभाव अधिक देखिन्छ । इन्डोप्यासिफिक क्षेत्रमा हजारभन्दा बढी टापुहरु भारतकै रहेका छन् । जानकारहरु भारतको यस्तो सामरिक पहुँचलाई भारतका लागि समण्ड नेकलेस (अमूल्य माला) को रुपमा चित्रित गर्छन् । इन्डो प्यासिफिकमा भारतको सक्रियताका विभिन्न कारणमध्ये प्रमुख कारण चीनको पहुँच नै हो । बंगलादेश, श्रीलंका, म्यान्मार र पाकिस्तानमा चीन आफ्नो सामुद्रिक मार्गका लागि पूर्वाधार बनाइसकेको अवस्थामा भारतले आसियन राष्ट्रसँग सघन सम्बन्ध राख्दै सामरिक सन्तुलन कायम गर्ने जमर्को गरिरहेको छ । इन्डोप्यासिफिक रणनीतिअनुरुप भारतले आफ्नो पहुँच पश्चिम एसियातिर बढाइरहेको छ । इरानमा चाबाहार बन्दरगाहको निर्माण र रेल विस्तारको योजना अघि बढाइरहेको छ । इन्डो प्यासिफिक रणनीति एक प्रकारले चीनले लिएको बीआरआई नीतिको सामरिक जवाफ हो ।

१४ मार्च सन् २००२ मा अमेरिकन विकास बैंकको बैठकमा तत्कालीन राष्ट्रपति जर्ज डब्लु बुसले धनी र गरिबी दुवै प्रकारका राष्ट्रको विकासका लागि अनुदान प्याकेज घोषणा गरेका थिए । त्यो अनुदान प्याकेज नै अहिलेको मिलिनियम च्यालेन्ज कर्पोरेसन एमसीसी हो । १० वटा सूचकांकका आधारमा अनुदानप्रदान गर्ने नीति एमसीसीको रहेको छ । एमसीसीको सञ्चालक समितिले १४ सेप्टेम्बर सन् २०१७ मा वाशिंगटन डिसीमा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र संयुक्त राज्य अमेरिकाको तर्फबाट प्रमुख कार्यकारी अधिकृत जोनाथन जी नासले हस्ताक्षर गरी सम्झौतापत्र आदानप्रदान गरेका थिए । एमसीसी अधिकारी सरकारले प्रदान गर्ने ५० करोड डलर र नेपाल सरकारको १३ करोड डलर गरी कुल ६३ करोड डलर अर्थात् ६३ अर्ब नेपाली करेन्सी बराबरको परियोजना हो ।

## सीमा...

मन्त्रीबीच दुई देशका समस्या समाधान गर्ने सहमति भएको प्रधानमन्त्री ओलीका कूटनीतिक मामिला सल्लाहकार डा. राजन भट्टराईले बताए । संवादमा कालापानी उल्लेख नगरी दुई देशका समस्या समाधान गर्दै सम्बन्ध थप सुदृढ गर्ने सहमति भएको छ।

## हिउँ र...

सामान्य बदली हुने महाशाखाले जनाएको छ । महाशाखाद्वारा जारी बुलेटिनमा भनिएको छ- 'मौसम बदलीसँगै वर्षा र हिमपातको सम्भावना रहेकोले चिसोबाट बच्न सतर्कता अपनाउन अनुरोध छ ।' शुक्रबार देशभर सामान्य बदली भई उच्च पहाडी तथा हिमाली भूभागमा मध्यमदेखि भारी हिमपात र पहाडी तथा तराईका थोरै स्थानहरुमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम विभागले जनाएको छ ।

## सुधारिँदै...

होइन भन्ने प्रश्न उठ्ने गरेको छ । नेपालमा भित्रिने फलाम र स्टीलमात्र होइन, एयर क्राफ्टका सामानहरू, गाडी, इन्धनको पनि आयात घटेको भन्सार विभागको बिवरणमा उल्लेख छ । इन्धनको आपूर्ति कम हुनुमा नेपालमा बिजुलीको आपूर्ति बढ्नु प्रमुख कारण हो भने दोश्रो कारण हो गाडी आयातमा भएको कमी । भन्सार विभिागले सार्वजानिक गरेको पहिलो ५ महिनाको विवरणअनुसार गत वर्षको तुलनामा व्यापार घाटा ६.३० प्रतिशतले घटेको छ ।

**निर्यात बढ्दै, आयात घट्दै**

गत आर्थिक वर्षको तुलनामा यस वर्ष निर्यात बढेको छ भने आयात घट्दै गएको छ । चालु आर्थिक वर्षको पाँच महिनामा आयात ४.२४ प्रतिशतले घटेको छ भने निर्यात २६.९७ प्रतिशतले बढेको छ ।

गत वर्षको पहिलो पाँच महिनामा ६ खर्ब ६ अर्ब रुपैयाँ बराबरको वस्तु तथा सेवा आयात भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा ५ खर्ब ८१ अर्ब रुपैयाँ बराबरको मात्र वस्तु तथा सेवा आयात भएको छ ।

त्यसैगरी गत वर्ष ३७ अर्ब रुपैयाँ बराबरको वस्तु तथा सेवा निर्यात भएकोमा यस वर्ष निर्यात बढेर ४७ अर्ब ६१ करोड रुपैयाँ पुगेको छ ।

आयात घटेर निर्यात बढ्दै गएपनि यो कतिको दिगो होला भन्ने कुरा भने हेर्न बाँकी नै छ । एकतर्फ आयात घटेर व्यापार घाटा कम हुँदै जानु सन्तोषजनक देखिन्छ भने अर्कोतर्फ आयात घट्दा मुख्य आयस्रोत अर्थात भन्सार राजस्व कम उठ्न थालेको छ ।

कुल ब्यापारमा निर्यातको हिस्सा ५.८ प्रतिशतबाट बढेर ७.६ प्रतिशत पुगेको छ भने आयातको हिस्सा ९४.२ प्रतिशतबाट घटेर ९२.४ प्रतिशतमा झरेको छ । आयात घट्दै जाँदा राजस्व संकलनको लक्ष्य भेटाउन मुस्किल पर्ने देखिएको छ ।

**व्यापार घाटा घट्दै**

वस्तु तथा सेवाको आयात घटेर निर्यात बढ्दा व्यापार घाटा समेत सुधारिदै गएको छ । व्यापार घाटा गत आर्थिक वर्षको तुलनामा ६.३० प्रतिशतले घटेको हो । गत वर्षको पहिलो पाँच महिनामा मुलुकले ५ खर्ब ६९ अर्ब रुपैयाँको व्यापार घाटा व्यहोरेकोमा यस वर्षको सोही अवधिमा ५ खर्ब ३३ अर्ब रुपैयाँको मात्र व्यापार घाटा व्यहोरेको छ ।

**६ खर्ब रूपैयाँभन्दा धेरैको वैदेशिक व्यापार**

नेपालले चालु आर्थिक वर्षको पाँच महिनामा ६ खर्ब रुपैयाँभन्दा धेरैको बैदेशिक व्यापार गरेको छ यद्यपि गत वर्षको तुलनामा भने घटेको हो । गत वर्षको पहिलो पाँच महिनामा ६ खर्ब ४४ अर्ब रुपैयाँ बराबरको वैदेशिक व्यापार गरेको नेपालले चालु आर्थिक वर्षको सोही अवधिमा ६ खर्ब २८ अर्ब रुपैयाँ बराबरको वैदेशिक व्यापार गरेको छ जुन गत वर्षको तुलनामा २.४२ प्रतिशतले थोरै हो । आयात घटेर मुलुक आत्मनिर्भर बन्दै गर्दा बैदेशिक व्यापार भने घढ्दै गएको देखिन्छ जसको कारण राजस्व संकलनमा समेत कमी आएको हो ।

**भारतसँग सबैभन्दा धेरै व्यापार घाटा**

मुलुकले चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा छिमेकी राष्ट्र भारतसँग सबैभन्दा धेरै व्यापार घाटा व्यहोरेको छ । यस अवधिमा नेपालले भारतसँग मात्रै ३ खर्ब १७अर्ब रुपैयाँको व्यापार घाटा व्यहोरेको हो ।

त्यसैगरी नेपालले अर्को छिमेकी राष्ट्र चीनसँग पनि ठुलो व्यापार घाटा व्यहोर्नु परेको छ । नेपालले चीनसँग १ खर्ब १ अर्ब रुपैयाँ बराबरको व्यापार घाटा व्यहोरेको छ भने इन्डोनेशियासँग १६ अर्ब ७८ करोड, अरबसँग ८ अर्ब ९८ करोड, अमेरिकासँग ३ अर्ब ३९ करोड र क्यानडासँग ५ अर्ब ६८ करोड रुपैयाँ बराबरको व्यापार घाटा व्यहोरेको छ । नेपालले यस अवधिमा १३७ भन्दा धेरै देशसँग वैदेशिक व्यापार गरेको छ ।

## अभिव्यक्ति...

बालकृष्ण खाणद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा नेपालको संविधानले नेपाली नागरिकको स्वतन्त्रता, नागरिक अधिकार, नागरिकका मौलिक अधिकारको सुनिश्चितता गरेको भन्दै सरकारलाई सचेत गराइएको छ ।

'कुनै पनि बहानामा आम नागरिकका स्वतन्त्रता र अधिकार कुण्ठित गर्ने र संविधानको प्रतिकूल ऐन नियम बनाउने सरकारको कदमप्रति नेपाली कांग्रेस संसदीय दल विरोध गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

कांग्रेसले मंगलबार पत्रकार सम्मेलन गरेर नागरिक स्वतन्त्रताविरुद्धका विधेयकविरुद्ध संसददेखि सडकसम्म दृढतापूर्वक उभिने प्रतिबद्धता जनाएको थियो ।

दफा ८८ मा सामाजिक सञ्जाल दुरुपयोग गर्न नहुने प्रावधान राखिएको छ भने दफा ९१ मा सामाजिक सञ्जाल दर्ता गर्नुपर्ने प्रावधान छ । साइबर आतंकसम्बन्धी व्यवस्था पनि यी दफाहरूमा राखिएको छ, जसको परिभाषा सही नभएको र त्यसले जनतामा आतंक सिर्जना हुनुका साथै अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने कांग्रेसको धारणा छ ।

## ऐतिहासिक...

'नेपाल सरकारले सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्य हुँदा तथा अन्य अन्तर ाष्ट्रिय वा क्षेत्रीय संगठनहरूको सदस्य हुँदा सार्वभौम नेपालको अस्तित्व दर्शाउने कुनै सन्धि, नक्सा वा दस्तावेज पेस गरेको भए, त्यसका प्रतिलिपि लिखित जवाफका अनुसूचीका रूपमा पेस गर्न लगाउनू,' आदेशमा भनिएको छ ।

संविधान जारी हुँदाका बखतको नेपालको दार्चुलास्थित लिम्पियाधुरा क्षेत्रको प्रश्न समाधान गर्ने राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा उपलब्ध सामग्री पनि पेस गर्न आदेशमा उल्लेख छ । सन् १८२७ को इस्टइन्डिया कम्पनीद्वारा प्रकाशित नक्सा उपलब्ध भए पेस गर्न पनि आदेशमा भनिएको छ । सन् १८४६ मा लन्डनबाट प्रकाशित भएको भनिएको नेपालसहितको नक्साको प्रतिलिपिसमेत नापी विभागको लिखित जवाफको अनुसूचीका रूपमा पेस गर्न आदेशमा भनिएको छ । यस्तै राष्ट्रिय योजना आयोग तथा अन्य कुनै निकायमा नेपालको नक्सा सम्बन्धमा कुनै कार्य भएको भए त्यस्ता सामग्री पनि पेस गर्न सर्वोच्चले रिटवालालाई भनेको छ ।

## नेपाल भ्रमण...

प्रदेशका आठै जिल्लामा पर्यटक लक्षित कार्यक्रमहरु गरिएका छन् । तीन नम्बर प्रदेशका विभिन्न पर्यटकीय गन्तव्यहरुमा पर्यटकको स्वागत गरियो । सौराहा, दामन, धुलिखेल, नगरकोट लगायतका ठाउँमा पर्यटकको स्वागत गरियो ।

गण्डकी प्रदेश सरकारले पनि पर्यटकहरुलाई स्वागत गर्नुका साथै पर्यटन वर्ष सफल पार्न आफ्नो प्रदेशले आधा योगदान पुऱ्याउने दाबी मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले गर्नुभएको छ । नेपाल भ्रमण वर्षको पोखरामा भव्य शुभारम्भ भएको छ ।

उता लुम्बिनी भ्रमणमा आउने पर्यटकको पहिलो टोलीलाई स्वागत गरिएको थियो भने प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले बाँके राष्ट्रिय निकुञ्जमा जंगल सफारीको शुभारम्भ गराउनुभएको छ । कर्णाली प्रदेश सरकारले पनि भ्रमण वर्षलाई सफल पार्न घुमौं कर्णालीको नारा अघि सार्दै नेपाल भ्रमण वर्षको शुभारम्भ गरेको छ। मुलुकभर भ्रमण वर्षको भव्यतापूर्वक शुभारम्भ भएकोमा पर्यटन क्षेत्रका व्यवसायी र अन्य सरोकारवालाहरु उत्साही भएका छन् । भ्रमण वर्ष घोषणासँगै तारे होटलको शेयरमूल्य वृद्धि हुन थालेको छ । भ्रमण वर्ष सफल पार्न सम्पूर्ण देशबासी लाग्नैपर्ने हुन्छ । विशेष गरेर आतिथ्य सेवामा लागेका व्यवसायीहरुले पर्यटक मैत्री व्यवहार र सेवामा कुनै कन्जुस्याइँ देखाउनु हुँदैन । पर्यटकीय गन्तव्यमा पुग्ने निर्माणाधीन भौतिक संरचनाहरु तत्काल पूरा गराउनेतर्फ समेत सरकारले उत्तिकै ध्यान दिन आवश्यक छ ।

## विश्वविद्यालयमा...

शान्तिपूर्ण रुपमा तालाबन्दी गर्न खोज्दा आफूहरुमाथि हातपात गराएको भन्दै प्राध्यापक र कर्मचारीहरुले स्कुल अफ मेडिकल साइन्सेजका डीन र सहायक डिनलाई कारबाहीको माग गरेका छन् ।

काठमाडौं विश्वविद्यालय, प्राध्यापक र कर्मचारीहरुबीच गत भदौ मसान्तमा चार बुँदे सहमति भएको थियो । १०६ दिनसम्म पनि सो सहमति कार्यान्वयन नभएपछि उनीहरुले यही पुस १५ गते आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका थिए ।

## उन अब...

भेटवार्तामा दुई नेताले कोरियाली प्रायःद्वीपलाई निःशस्त्रीकरण गर्ने दिशामा मिलेर काम गर्ने सहमति गरेका थिए । त्यसपछि ट्रम्पले उत्तर कोरियाबाट अब 'पारमाणविक खतरा' नरहेको टिप्पणी गरेका थिए । तर प्योङ्याङको पारमाणविक तथा क्षेप्यास्त्र कार्यक्रम रोक्ने विषयमा कुनै ठोस प्रतिबद्धताविना सहमति गरेकोमा ट्रम्पको आलोचना भएको थियो । आफ्ना पारमाणविक तथा क्षेप्यास्त्र कार्यक्रमलाई लिएर प्योङ्याङले कैयौं अन्तर्राष्ट्रिय तथा अमेरिकी प्रतिबन्ध खेप्दै आएको छ ।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-२१



खोमदत्त बराल

भ्रष्टचार गरेको सबै प्रमाण पुगे पनि म्याद नपाई मुद्धा पेश भएको । क्षेत्रधिकार नपुग्ने जस्ता शब्दावली बिधिको शासन हुनु पर्ने अहं महत्वको बिषयलाई अनादर गर्न न्यायाधीसहरु पोख्त छन् । न्यायका नौसिंग यिनै खुराफात गर्न जान्ने न्यायाधीसहरुको कुराले सूत्रहरु पनि सिर्जना भएको हुनु पर्दछ ।

यो पक्तिकार टिभिका दुईटा कार्यक्रमलाई बढी महत्वका साथ हेर्ने गर्दछ । एउटा कार्टुन अर्को यसनमल प्लानेट । कार्टुनका मजै मजा हुन्छ । कतै घटना दुर्धटनाले पिर पार्दैन ठट्टा रमाइलोको पक्षले कार्यक्रम भरिएको हुन्छ । यनिमल प्लानेट भने शत्रु पक्षको आक्रमण नभएको बेला । हात्ति चरेको पानीमा खेलेको । मृगको बथान, घोरल चित्तल आदिको खेल । प्रजनन कृया सर्पको प्रजनन कृया र जनेन्द्रिय अचम्मको हुँदो रहेछ । यस्तै यस्तै रमाइलो लाग्छ । अनि यसमा प्रस्तुत गर्न खोजिएको चाहिँ एउटा महत्वपूर्ण पक्ष छ । एउटा जिराफलाई ढाल्नलाई पाँच सातवटा बाघ बाट पनि सम्भब नहुदो रहेछ । हालमा लाग्छ । मुलुक पनि एउटा शक्तिशाली जिराफ झैं त हो । बाघ झैं हिश्रकहरु भ्रष्टचारी अकर्मढयता क्षमताहिन ठगहरुले गर्दा देशको दुर्गति हुँदो रहेछ । कमजोर हुँदो रहेछ । केही नलागे पछि प्राणीको मृत्यु भए जस्तै मुलुक पनि असफल र कमजोर मुलुकका रुपमा रुपान्तरण हुदो रहेछ । यो पक्तिकारलाई त ज्ञानको ढोका खुल्यो त तर शासन सत्तामा पुगेका बुद्धि बीबेकहिन कपित मानब प्राणीलाई कसरी ज्ञान घुस्लार । पत्याइ हाल्ने ठाउँ देखिदैन । दिल्ली दुर है भनिन्थ्यो । कता कता उखान जस्तो पनि लाग्छ । दिल्ली दूर रहेनछ । दिल्ली दूर हुँदा दिल्ली बसेको बेला मेरो काठमाण्डौं पनि टाढा नै हुनु पर्थ्यो । तर त्यस्तो छैन । दिल्लीमा भए पनि मेरो काठमाण्डौंको रोग भोक र भ्रष्टहरुले छिया छिया पारेर चुसेको काठमाण्डौं बुढो ज्यान निरस निरसिलो पिरोलिएको काठमाण्डौं मेरो माया भरी मुटु भरी छाती भरी दर्द पिर बोकेको काठमाण्डौं जीबित छ । आर्यघाट तिर तानिदैछ । मलामिका रुपमा क्षमताहिन राजनीतिक दलहरुले बैद्य कत्तिको पोख्त छ । धेरै बिरामी त घाटैघाट निको भएर फर्केको पनि छन् । मेरो देश प्राण भन्दा प्यारो देश चाडो निको हुनु पर्छ । निको भएर तिमीलाई बिरामी पार्ने रोग लाई निमिट्यान्त पारेर शरीरबाट हटाउँनै पर्छ । फेरी फेरी फर्केर घातक रोग नलागोस कामना गर्छु । एक शुभ चिन्तक सनतानको कामना बाहेक हातको तागतमा केही छैन । यसैले काठमाण्डौं इर छैन मुटु भित्रै छ । यो यात्रा भरी हाफ कोट लाइरहे । सामान बोक्न कलम चस्मा बोक्न सजिलो पनि भयो । टिकट बोक्न पैसा बोक्न पनि कोटको गोजिले राम्रै सहयोग गऱ्यो । हिजो चादनी चोकको खद्दर पसलेले खुब मन पराएछ । घुमी घुमी हेऱ्यो । कहाँ बनाएको राम्रो लाग्यो भनेर राम्रै तारिफ गऱ्यो तत्कालै कालिगढ बोलाएर डिजायन पनि देखायो । राम्रै लुगा लगाएर यात्रा गरिएछ भन्ने गौरब पनि महसूस भयो । दाइ प्रदिप कोइरालाको बोन भ्योराको स्याम्पल दिएको चालिस घण्टा भइसकेको छ । अडचालिस घण्टा पछि मात्र रिपोर्ट दिन्छ रे । डाक्टरले दुई बजे बोलाएको छ । सबै कुरा नर्मल भए पछि बोनम्यारो पनि नर्मल अबस्थामा नै हुनु पर्छ । धेरै कुराले नर्मल अबस्थामा भएको नतिजा प्रस्तुत गरेको छ । क्यान्सर अस्पताल केमी थेरापीले केस झरेर बेरुप नै बनाइ दिन्छ । सयौं मानिसहरुको केस झरेको । धेरै मानिसहरु दुबला पात्ला बनेको । हुन त अस्पताल बिरामीहरुको अखडा मात्र होइन । अस्पतालबाट बिरामी निको पारेर स्वास्थय बनाउने स्थान पनि हो । मैले हृदय चनद्रसिंह प्रधानको स्वास्नी मान्छे भन्ने किताबमा २०३० साल तिर पढेको थिए । पंक्तिकार आइ.ए को परिक्षा तयारीमा थियो । झलनाथजी बी.ए को परीक्षाको तयारीमा थिए । सायद बी.एको कोर्समा स्वास्नी मान्छे पढ्नु पर्थ्यो क्यारे । त्यही समयमा पढ्दा के सन्दर्भमा थियो । अस्पतालले निश्चय पनि बिरामी मानिसहरु धेरै हुन्छन् तर बिरामी मानिसलाई निको पार्ने ठाउँ पनि हो भन्ने उल्लेख थियो । लागछ यति बेला राजीब गान्धी क्यान्सर अस्पतालले धेरैलाइ निको पारेर पठाएको छ । एकजना चितवनका चापागाईलाई पनि आफ्नो पिताजीको ट्रिटमेन्टमा आएका रहेछन् । अमेरिकामा दबाइ गरेको अंग्रेजी बोल्न नजान्ने बिरामीलाई दबाइ गर्न असजिलो भयो नेपालमा नै गरेपनि हुन्छ भन्यो रे डाक्टरले । काठमाण्डौंमा भन्दा चितवन सजिलो भनेर चितवनमा दबाइ गराउँन जाँदा डाक्टरको ब्यबहार ठिक लागेन रे । बिचरो ईञ्जिनियर अमेरिका बसेर कम्प्यूटर सफ्टवेयर चलाएर बसेको आफ्नो निजी सफ्टवेयर कम्पनीबाट राम्रै आम्दानी थियो रे । बर्ष दिन देखि पिताजीको दबाइ पानी यातायातले निकै हैरान बनाइ सकेको कुरा गरे । दाइको बोनम्यारो झिक्ने क्रममा हामी पर्खेर बसेका थियौं । ती चापागाई अस्पताल भर्ना गर्न आएका सिट नपाएर प्रयासमा रहेको यावत कुरा आफ्ना भिनाजुलाई फोनबाट भन्दै गरेको सुनेर माइति गाउँको कुकुर पनि आफ्नै लाग्छ रे भने झैं सोधपूछ र भलाकुसारी भइ हाल्यो । जानकारी प्राप्त भयो । बीस दिनमा चार लाख खर्च भएको कुरा समेत बताए । बोनम्यारो टेष्ट गर्न दुई हड्डीबाट स्याम्पल निकाल्नु पर्दो रहेछ । (क्रमशः)

# नागरिकता विधेयकले भारतमा लगातार प्रदर्शन

नयाँदिल्ली । भारत सरकारले हालै विवादास्पद नागरिकता ऐन संशोधन गरेपछि त्यसको विरोधमा भारतमा लगातार प्रदर्शन भएको छ । अंग्रेजी नयाँ वर्षको स्वागतमा भारतको नयाँदिल्लीमा केहीले हर्षोल्लास मनाए पनि केहीले नागरिकता ऐन संशोधनको विरोधमा प्रदर्शन गरे ।

दिल्लीको शाहिन बाग क्षेत्रमा लगातार प्रदर्शन भइरहेको भारतीय सञ्चारमाध्यमले जनाएको छ । न्यु इयर इभमा दिल्लीमा भएको प्रदर्शनका भावुक तस्बिरले भारतमा बुधबार हंगामा भएको छ । दिल्लीको शाहिन क्षेत्रमा दुई हप्तादेखि लगातार विरोध प्रदर्शन भइरहेको छ । हजारौंको संख्यामा मानिसले लगातार विरोध प्रदर्शन गरिरहेको आजतकले उल्लेख गरेको छ ।

विरोध प्रदर्शनको यो भावुक भारतमा । अब कानुनी संकट पनि देखिने भएको छ । दक्षिणी राज्य केरलको विधानसभाले मंगलबार नागरिकता ऐन संशोधनलाई अस्वीकार गर्ने प्रस्ताव पारित गरेको छ । जसका कारण अब केरल र केन्द्र सरकारबीच टकराव सुरु हुने भारतीय सञ्चारमाध्यमले जनाएका छन् । पश्चिमी बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले यसअघि नै यो ऐन आफ्नो राज्यमा लागू नहुने बताइसकेकी छन् भने त्रिपुरा, मणिपुर र असमले पनि त्यस्तै निर्णय गरेका छन् ।

उत्तर प्रदेशमा यो ऐनको विरोधमा भएका प्रदर्शनका क्रममा प्रहरीले निकै दमन गरेको छ । उत्तरप्रदेशमा मात्र कम्तीमा २० जना प्रदर्शनकारी मारिएका छन् । प्रहरीले करिब ११ हजार मानिसलाई पक्राउ गरेको छ । उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यायनको निर्देशनमा त्यहाँ मुस्लिमहरुको सम्पत्तिमाथि प्रहरीले कब्जा गरेको भारतीय सञ्चारमाध्यमले बताएका छन् ।

सो नागरिक ऐन संशोधनले भारतमा रहेका अल्पसंख्यकलाई झन् समस्या पार्ने भन्दै त्यसको विरोध भइरहेको छ । संशोधनमा पाकिस्तान, बंगलादेश र अफगानिस्तानबाट आउने गैरमुस्लिमलाई मात्र नागरिकता दिने प्रावधान समावेश गरिएको छ । प्रमुख विपक्षी पार्टी कांग्रेस लगायतका दलहरुले यो ऐन संशोधन संविधानविरोधी भएको बताएका छन् ।

# "एकीकरण टर्च" ऱ्याली



बेत्रावती । पृथ्वीनारायण शाहले नेपाल एकीकरणमा पुऱ्याएको योगदानको सम्मानस्वरूप उनीसहित गोर्खाली सेनाले एकीकरणको समयमा गोरखादेखि नुवाकोट हुँदै काठमाडौंसम्म पुगेको पदमार्गमा 'एकीकरण टर्च' ऱ्याली गरिने भएको छ ।

नेपाली सेनाको आयोजनामा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको लागि सुरु गरेको अभियानअन्तर्गत आज शुक्रबार गोरखा दरबारबाट 'एकीकरण टर्च' ऱ्याली सुरु गर्न लागिएको हो । गोरखा दरबारबाट शुरु हुने 'एकीकरण टर्च' ऱ्याली बोर्लाङ, सल्यानटार, हासेपसल, चरङ्गे, तबईभार हुँदै नुवाकोटको सामरीमा यही पुस २० गते आइपुग्ने जबरजङ्ग गण नुवाकोटका गणपति उदयबहादुर लामिछानेले जानकारी दिए ।

उनका अनुसार पुस २० गते सामरी भञ्ज्याङमा विशेष कार्यक्रम गरेर पुनः नेपाल एकीकरणको समयमा गोर्खाली फौज हिँडेको पदमार्ग पछ्याउँदै म्यागङ मैदान, भैरमकोट, शुभघाट, केउरिनी चौतारो हुँदै आइतबार राति पृथ्वीनारायण शाहले निर्माण गर्न लगाएको नुवाकोटस्थित साततले दरबारमा 'एकीकरण टर्च' ऱ्याली आइपुग्ने कार्यतालिका छ ।

नुवाकोट दरबार परिसरमा पुस २१ मा विशेष कार्यक्रम गरेर अघि बढ्ने 'एकीकरण टर्च' ऱ्याली धरमपानी, शेरास्थित रानीको दरबार, बरबन्दी, चतुराले, ककनी हुँदै काठमाडौंस्थित सिंहदरबार परिसरमा रहेको पृथ्वीनारायण शाहको शालिकसम्म पुराएर त्यहाँ विशेष कार्यक्रम गरी उक्त ऱ्यालीको समापन गरिने कार्यतालिका छ ।

'गोर्खाली फौजले विसं १८०१ असोज १५ मा नुवाकोटमाथि विजय हासिल गरेर उपत्यका प्रवेश गर्दै नेपाल एकीकरणको थप सफलताले विशाल नेपाललाई एउटै मालामा गाँस्न सफल भएको सन्देशलाई 'एकीकरण टर्च' ऱ्यालीमार्फत सकारात्मक सन्देश प्रवाह गरिने लक्ष्य राखिएको छ', जबरजङ्ग गणका गणपति लामिछानले भने, ''एकीकरण टर्च' ऱ्यालीमा सहभागी सैनिकले पृथ्वीनारायण शाहको समयमा उहाँको फौजले प्रयोग गरेको जस्तै पोशाक र हतियारमा सजिने हुँदा नेपाल एकीकरणको स्मरण गराई अहिलेका युवा पिँढीलाई देशभक्तिको भावना जगाएर राष्ट्रप्रति जिम्मेवार बनाउन सहयोग पुग्ने विश्वास लिइएको छ ।'

गोरखादरबारबाट शुरु भएर धादिङ, नुवाकोट हुँदै काठमाडौंसम्म पुग्ने 'एकीकरण टर्च' ऱ्यालीले आसन्न पृथ्वीजयन्तीप्रतिको सम्मान र बुधबारदेखि सुरु भएको नेपाल भ्रमण वर्षका लागि नेपाल एकीकरण पदमार्गमा पर्यटन भित्र्याउन समेत सहयोग पुग्ने अपेक्षा राखिएको छ ।